

# The Snow Leopard

# हिउँ चितुवा


वार्षिक पत्रिका

अंक-८, बैशाख २०८०

Volume 8, April 2023




Satellite Collaring of Snow Leopards Should be Part of Discussion

- Dr. Ganesh Pant



SLC Focuses on the Five Priority Areas for Protecting the Snow Leopards

- Ashleigh Lutz-Nelson

## Save the Guardian of the Himalaya!

# EDITORIAL

## This is How We Can Save Snow Leopard

Snow leopard is included in the Appendix-1 of the Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES). It is listed as "Vulnerable" in the IUCN Red List of Endangered Species. Nepal's National Parks and Wildlife Conservation Act 1973 has included snow leopard as a protected priorities species. According to the Act's provisions, anyone who kills or injures the animal or engages in illegal trade of snow leopard's parts is liable for either a fine of Rs 5,00,000 to Rs 10,00,000, or is jailed for 5 to 15 years or faces both the punishments. However, despite the strong legal protection and tireless efforts from Nepal government along with local, national, and international allies, stakeholders and individuals, the deaths and killings of snow leopards haven't stopped. It is imperative for the Government to take each incident of snow leopard deaths and murders seriously, learn from it, and move forward by taking lessons.

Snow leopard, which is found in only 12 countries in Central Asia and south Asia, including Nepal, is an indicator of a healthy Himalayan ecosystem. Increasingly there needs to be concerted efforts to save this endangered species.

Farmers in the Himalayan belt, who are engaged in animal husbandry for a living, need assistance to construct predator-resistant corrals, and a livestock insurance scheme. This would have a vital role in minimizing human-snow leopard conflict. If this doesn't happen, the snow leopard will continue to suffer retaliatory killing through various ways. In addition, participation of locals in ecotourism that rely on snow leopards, homestays, and small-scale businesses should be prioritized.

By regulating the crowd of cordyceps (yarsagumba) pickers, educating them, and increasing surveillance, snow leopard habitats should be protected from unwanted disturbance.

In Nepal, blue sheep and Himalayan tahr are the main natural prey species for snow leopard. These prey species sometimes suffer from contagious diseases such as itching eyes and mange. Scientific study regarding this and regular monitoring of wildlife is increasingly necessary. The grazing area of livestock, which is also prime habitat of wildlife, must be regulated, and the herders should be provided with education. The grazing area should be managed through a rotational basis.

Subjects about snow leopards should be introduced in school curricula and students should be taken for excursions and engaged in extra-curricular activities; this helps students understand the predator's habitat and prey species and fosters positive attitudes among children toward wildlife. Besides this, the drive to prepare citizen scientists at the local level should be prioritized by those who are knowledgeable about snow leopards, their habitat and prey species, and their geographical distribution. They would be the first line of resource in the scientific study of snow leopards.

Another frontier of snow leopard conservation will be the the regular monitoring of their potential habitats and carrying out a census and their conservation related comparative study.

# सम्पादकीय

## यसरी बचाउन सकिन्छ हिउँ चितुवा

हिउँ चितुवा, दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धी (साइटिस) को अनुसूचि एकमा पर्दछ । यसलाई आइयूसीएनको रातो सूचिमा "संवेदनशील"को रूपमा सूचीवद्ध गरिएको छ । नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत हिउँ चितुवा प्राथमिकतामा परेको संरक्षित वन्यजन्तुको श्रेणीमा पर्दछ । यस ऐनले कसैले पनि हिउँ चितुवालाई गैर कानुनी तरिकाले मारे, घाइते बनाए वा यसको शरिर को कुनैपनि अंगको किनबेच गरे ५ लाखदेखि १० लाख रूपैयाँ जरिवाना वा ५ वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने कडा व्यवस्था गरेको छ । कानुनी रूपमा यति संरक्षित हुँदाहुँदै र नेपाल सरकार, संरक्षणका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार एवं सरोकारवाला संस्था एवं व्यक्तिहरूको अथक प्रयासका बावजुद पनि नेपालमा हिउँ चितुवा मर्ने/मारिने क्रम रोकिएको छैन । हिउँ चितुवा मरेका वा मारिएका हरेक घटनालाई सरकारले गहकिलो पाठको रूपमा लिएर भए गरेका त्रुटीहरु सच्याउँदै अघि बढ्नु जरूरी छ ।

संसारभरिमा मध्य र दक्षिण एशियाका नेपाल सहित १२ मुलुकहरूमा मात्र पाइने हिउँ चितुवा स्वच्छ हिमाली पारिस्थितिक प्रणालीको सूचक हो । यस दुर्लभ वन्यजन्तुलाई जोगाउन निकै कसरत गर्नुपर्ने देखिन्छ ।

पशुपालन नै जीविकोपार्जनको मुख्य स्रोत रहेका हिमाली भेगका कृषकहरूका लागि जीवन निर्वाहको लागि पशुपालन, परभक्षी वन्यजन्तु प्रतिरोधक खोर निर्माण र पशुधन बीमामा सहयोग चाहिन्छ । यसले मानव र हिउँ चितुवाको द्वन्द्व घटाउन अहम् भूमिका खेल्दछ । यसो नभए प्रतिशोधमा हिउँ चितुवाहरू विभिन्न तरिकाले मरिरहने प्रष्ट छ । यस बाहेक, हिउँ चितुवामा आधारित पर्या-पर्यटन, होमस्टे लगायत हिउँ चितुवामा लक्षित लघु व्यवसायहरूमा स्थानीयहरूको सहभागितालाई जोड दिनु पर्दछ ।

यार्सागुम्बा संकलनको मौसममा हिमाली भेगमा हुने मानिसहरूको भिडभाडलाई नियन्त्रण गर्ने, निगरानी बढाउने, यार्सा संकलकहरूलाई शिक्षा दिंदै वासस्थान खलबल हुनबाट जोगाउनु पर्दछ ।

नेपालमा हिउँ चितुवाको प्रमुख प्राकृतिक आहारा नाउर र झारल हुन् । लुतो, आँखा चिलाउने आदिजस्ता सरुवा रोग यिनीहरूमा देखिएका छन् । यसको वैज्ञानिक खोज र समय समयमा वन्यजन्तुको अनुगमन गरिनु जरूरी छ । घरपालुवा गाइवस्तुको जथाभावी चरिचरन नियन्त्रण गर्ने, तिनलाई वन्यजन्तुको प्रमुख वासस्थानबाट अलग राख्न गोठालालाई शिक्षा दिने, चरिरचनमा घुम्ती प्रणाली प्रयोग गरेर त्यसको उचित व्यवस्थापन गर्नु जरूरी छ ।

विद्यालयको पाठ्यपुस्तकहरूमा हिउँ चितुवाको परिचय झल्काउने सन्दर्भ सामग्रीहरू राख्ने, हिउँ चितुवाको वासस्थानको अवलोकन भ्रमण र अतिरिक्त क्रियाकलापहरू गराउनु पर्दछ जसले हिउँ चितुवा, उसको आहारा र वासस्थानलाई बुझ्न र विद्यार्थीहरूमा वन्यजन्तुप्रति सकारात्मक सोचको विकास गर्न सघाउँदछ । यसका अलावा स्थानीय स्तरमा सिटिजन साइन्टिष्ट (नागरिक अन्वेषक) तयार गर्ने कार्यलाई प्राथमिकता दिनु पर्दछ जो हिउँ चितुवा, त्यसको आहारा, वासस्थान र भौगोलिक अवस्थाको जानकार हुन्छन् । यिनी हिउँ चितुवाको वैज्ञानिक अध्ययनमा पहिलो पंक्तिका सूचनाका स्रोत पनि हुन्छन् ।

सम्भावित वासस्थान क्षेत्रहरूमा हिउँ चितुवाको नियमित अनुगमन गर्दै यसको संख्याको गणना र हिउँ चितुवा संरक्षण कार्यक्रमको तुलनात्मक अध्ययन् गर्नु संरक्षणको अर्को पाटो हुनेछ ।

Photo :Teka Samuha Nepal/SLC




Participants from "Snow Leopard Scout's Monitoring Camp" in Mustang in October 23, 2022

Photo : Niraj Thakali/Teka Samuha Nepal



Students from Sarswoti Secondary School, Tapethok, Taplejung learning to set up trail camera during the "Snow Leopard Nature Tour" in March 2023.

**Articles/Memoirs**


A Radio-Collared Snow Leopard When Trapped for the Second Time 1
Could Extant Policy and Practices in Dhorpatan Hunting Reserve Make Trophy Hunting Sustainable in the Long Run? 5
The Unforgettable Snow Leopard Captured in Manang 23
Story of Perseverance Story of Snow Leopard 28


**News**


Three 'Beloved' Snow Leopards Died of Covid Complications at Nebraska Zoo 37
How Bees and Trees Protect Snow Leopards 38
Snow Leopard Day Celebrated in Taplejung 40
Snow Leopard Scout's Monitoring Camp in Mustang ! 41
Community-Based Snow leopard Conservation Program in Mustang and Taplejung 42
Street Drama on Snow Leopard Conservation Staged in Mustang 43
Golf Competition Held at Snow Leopard Habitat in Annapurna 44
Snow Leopard Dies at Lllinois Zoo After Contracting Covid-19 46
Snow Leopard Population Exceeds 100 in Mt. Qomolangma Reserve 47
Snow Leopard Award 2021 Goes to BWCDO 48


**Poems**


Hey You, Padmasambhava Rinpoche's Dog! 32
Let's Save Snow Leopards! 34
Snow leopard 35
I Am a Snow Leopard 36


**Interviews**


Dr Ganesh Pant 9
Ashleigh Lutz-Nelson 17


**Others**


The Legend 14
Promotion 15
Fact Sheet 25
Essay 26
Book Review 50
Organization Introduction 53



**The Snow Leopard magazine**

**Editors:** Prof. Karan Bahadur Shah, Anil Adhikari, **Sub Editors:** Dr. Chiranjibi Prasad Pokhrel, Dr. Naresh Subedi, Bikhyat Sherchan, Ashleigh Lutz-Nelson, Charleen Gavette, Shavaun Mara Kidd, **Staff Reporter:** Rojina Ghimire, **Advisors:** Dr. Rodney Jackson-SLC/Mr. Sharad Chandra Adhikary-NTNC, **Translators:** Timothy Aryal, **Magazine Concept By:** Anil Adhikari, **Cover Photo:** Kamal Thapa/Langtang National Park/2008, **Design and layout:** Printall (infoprintall@yahoo.com).

**Publisher:**

**Teka Samuha Nepal**
Bagmati Province, KMC 5, Maligaun, Kathmandu, Nepal, Tel: 4531567,
URL: www.tekasamuhanepal.org.np

**Technial Support**

**National Trust for Nature Conservation (NTNC)**
Khumaltar, Lalitppur,
Phone 977-01-5526571,
URL: www.ntnc.org.np

**Financial Support**

**Snow Leopard Conservancy (SLC)**
75 Boyes Blvd., Sonoma, California, 95476, USA Phone + 1 (707) 938-1700,
URL: www.SnowLeopardConservancy.org

# PREY SPECIES



*Blue sheep* नाउर



*Himalayan tahr* झारल



*Wolly hare* भोटे खरायो



*Pika* ठूटे खरायो



*Snow cock* हिउँ कुखुरा



*Himalayan monal* डाँफे



*Musk deer* कस्तुरी मृग



*Marmot* फ्याउमूसो

Photos : Kamal Thapa

– Karan Bahadur Shah



Art : Rajman Maharjan

# A Radio-Collared **Snow Leopard** when Trapped for the Second Time

It was around 6:30 in the morning of January 11, 1983. I was sleeping in my tent and I was about to wake up. I sensed a presence outside my tent. I mistakenly believed that Karma would bring tea as always and greet me with "Goor marrning (for good morning)," but it was our team leader Rodney (Jackson), who arrived and said, "Good morning Karan." I thought something had happened and replied, "Good morning Rod" and opened the tent entrance. He continued, "the snow leopard that we left with a radio collar was again trapped" all in one breath.

I stepped out of my tent, and Rodney said, "Very beautiful cat," pointing towards the spotting scope. Looking through the spotting scope kept on the stand nearby, I saw a medium-sized snow leopard with one of its legs caught in a trap, pulling its leg towards itself and looking at us occasionally.

Between our camp and the place where the snow leopard was trapped was the Langu Karnali River flowing from Dolpa. The river's water level was very low due to the winter, and the riverbanks appeared white due to snow cover. We went to get the medication and other supplies needed to

immobilize the trapped snow leopard. We discussed that this time I would inject the snow leopard with an anesthetic, and Rodney would photograph the scene. The reason behind this was the commotion that made it impossible to capture high quality photographs of the snow leopard, which had previously been trapped. By providing photographs to organizations like National Geographic Society, which funded our project, we were also able to demonstrate our success in our pursuit of snow leopard research.

We were getting ready to move after gathering all the necessary supplies. However, the local helpers of our camp, Sonam and Karma, did not bring our breakfast "porridge and tea" as instructed by Rodney. As it took more time than expected, I went to the kitchen area to see what the matter was and saw that the boys were still rolling small size bread. I said in a loud voice, "what are you doing; it's already late." They replied, "We are making Puri sir." I understood, when Rodney said porridge, which we used to boil in water or milk to make it like pudding, doesn't take much time to make, but they had been thinking of Puri and were kneading the dough to roll for Puri. We stopped them and had biscuits and tea for breakfast and went from the camp.

We had to cross Langu Karnali to go to the location where the snow leopard was trapped. We had made a bridge out of wood for this, but due to the accumulation of snow on the bridge, it was quite slick. The first task was to clear the snow. Then Sonam and Karma took the supplies across and finally took us across by holding our hands.

About 100 meters ahead of the snow leopard spot, we sat on a rock and discussed everybody's task and what we would do next. We also assigned Sonam and Karma the responsibility for the tasks they could do. I attached an injection in the tip of the jabstick (an almost 1.5 meters-long stick of a local plant) and put 3cc of the wildlife tranquillizer "Ketaset" inside. We then moved cautiously in the direction of the snow leopard trap.

When we got around 10 meters close to the snow leopard, we saw the claws of its front left leg fell into the shrinking dice made of strong string. Suddenly, seeing our presence, it started to jump by pulling the string with its trapped leg. As we talked, Rodney began taking photos as he moved closer to the snow leopard's head. Seeing Rodney nearby, the snow leopard started breathing heavily. It had expanded its body, making itself look huge. If the snow leopard freed itself by cutting off the string, I was terrified it would attack me. I thought this was my chance and slowly moved toward it from the back and jabbed the tranquillizer on its right thigh.

I was just about to take out the syringe with the help of the jabstick, when the snow leopard turned toward me and whacked the jabstick with its front paw. Rodney and I could not decide whether the medicine was able to enter the leopard's body. However, I felt the medicine had not entered its body completely.

We decided to go a little further being off sight of the snow leopard and wait for five minutes. We were constantly looking at the snow leopard, and in three or four minutes, the tranquillizer's effect started to appear. The snow leopard began to stagger, and its legs became unsteady. After about five minutes, the snow leopard collapsed to the ground.

We freed the unconscious snow leopard from the trap and took it to a plain area, carrying it by its legs and head. After that, without wasting a single moment, everyone started to do their work as we advised. As the eyes of the snow leopard were wide open with the effect of medicine, we covered them with a towel.

One of the reasons for covering the head of an unconscious snow leopard is that the eyes are fully open, and the sunrays can have a negative effect on eyes. Another reason is the tranquillizer used for immobilizing the snow leopard does not affect the function of its eyes and ears, i.e., it can see and listen but cannot move its head and feet to attack and cannot even run away in fear.

We measured and weighed the snow leopard, examined the body for any injuries, removed blood-sucking parasites from the abdomen and ears, and took the body temperature using a thermometer placed inside the anus. We carefully examined the radio collar around its neck, antiseptic cream was applied to the affected toe that had been trapped, and finally injected it with the antidote to wake it up.

After a while, the snow leopard slowly regained consciousness. It started trying to get up by moving its legs, got up for a moment but fell down again. This was happening continuously as it slowly vanished from our sight. We took a bunch of photos of its activities until it was out of our sight.

We shook hands and congratulated each other as we succeeded in getting the snow leopard out of the trap. I asked Rodney to throw a big party after reaching the camp; he replied, "Okay, no problem." Now we had to go back to the camp, so we started packing our supplies. I asked Sonam to pass me the thermometer, to note down the temperature in my diary. He passed it to me, when I read the thermometer, I was surprised it was less than 15 degrees Celsius which seemed impossible. Later we found out that Sonam placed the thermometer along with the plastic cover in the anus for one or two minutes and then took it out. For us, a new joke was born, and we returned to our camp laughing.

- करन बहादुर शाह

# रेडियोकलर लगाएको हिउँ चितुवा

## जब दोश्रो पटक पासोमा पऱ्यो

सन् १९८३ जनवरी ११ को एका बिहान ०६:३० जतिको समय हुँदो हो म आफ्नो टेन्टभित्र स्लिपिङ ब्यागमा कोच्चिएको थिएँ र मेरो निद्रा खुल्ला खुल्ला जस्तो भइराखेको थियो । त्यतिकैमा मेरो टेन्टको बाहिर कोहि आएको जस्तो प्रतित भयो । कर्मा बिहानको चिया लिएर आएको होला र सधैंझैं "गुरमारिङ सर" भन्ला भन्ठानेको त हाम्रो टिम लिडर रोड्नी (ज्याक्सन) आफैं त्यहाँ आएर ठूलो स्वरमा "गुडमर्निङ करन" पो भन्छ । अचानक कुनै घटना घटित भएको जस्तो लाग्यो र मैले पनि "गुडमर्निङ राड" भन्दै आफ्नो टेन्टको ढोका खोलें । उसले एक सासमा भन्यो "हामीले रेडियोकलर लगाएर छोडेको दोश्रो हिउँ चितुवा फेरि पासोमा पऱ्यो" ।

म टेन्टबाट बाहिर निस्कन्छु, रोड्नीले "भेरी ब्युटिफुल क्याट" भन्दै स्पोटिङ स्कोपतिर इशारा गऱ्यो । मैले नजिकै स्टयाण्डमा राखेको स्पोटिङ स्कोपबाट पारिपट्टि हेर्दा एउटा मध्यम साइजको हिउँ चितुवाको एउटा खुट्टो पासोमा परेकोले त्यो खुट्टा आफूतिर तान्दै बेला बेलामा वारि हामीतिर हेर्दै गरेको देखें ।

हाम्रो क्याम्प र हिउँ चितुवा पासोमा परेको ठाउँको बिचमा डोल्पाबाट बगेर आउने लांगु कर्णाली नदी थियो । हिउँद भएकोले नदीको पानी निक्कै घटेको थियो र दुबै तिरको किनारालाई हिउँले ढाकेकोले सेताम्मे देखिन्थे । हामी पासोमा परेको हिउँ चितुवालाई बेहोस गर्ने औषधी र अन्य सामानहरू जुटाउन तिर लाग्यौं । हाम्रो यो सल्लाह भयो कि यसपाला मैले हिउँ चितुवालाई बेहोस गर्ने औषधीको इंजेक्सन लगाउने तथा रोड्नीले त्यो दृष्यको फोटोग्राफी गर्ने । यसो गर्नुको कारण के थियो भने हडबडको कारण यसअघि कुनैबेला पनि पासो मा परेको हिउँ चितुवाको राम्रो फोटो लिन सकिएको थिएन र हाम्रो प्रोजेक्टलाई आर्थिक सहायता गर्ने नेसनल जियोग्राफिक सोसाइटि जस्तो संस्थाहरूलाई राम्रो फोटोहरू बुझाएर हामीले हिउँ चितुवाको अध्ययन अनुसन्धानमा सफलता पाएको प्रमाण दिनु पनि थियो ।


आफुलाई चाहिने जति जम्मै सामानहरू तयार पारेर हामी हिंड्ने तरखर गर्न लागेका थियौं । तर हाम्रो क्याम्पका स्थानीय गाउँले सहयोगीहरू सोनाम र कर्माले रोड्नीले उनलाई भने अनुसारको पोरिज र चिया अर्थात हाम्रो ब्रेकफास्ट ल्याएको थिएन । हामीले सोचेको भन्दा बढी समय लगाएकोले म कुरा बुझ्न ओडारमा भएको किचेनमा गएँ र देखें कि केटाहरू त अझै सानो आकारको रोटी बेल्दै रहेछन् ! मैले चर्को स्वरमा "यो के गर्न लागेको, धेरै ढिला भइसक्यो भन्दा "पुरी पकाउन लागेको साब" पो भन्छन् ! मैले कुरो बुझि हालें, रोड्नीले "पोरिज" भनेको थियो जुन तयारी अवस्थामा हामीसँग भएकाले त्यसलाई पानी र दुधमा उमालेर खिर जस्तै बनाउन पर्थ्यो र यो बनाउन खासै समय लाग्दैन थियो, तर उनीहरूले "पुरी" सम्झेर पिठो मुछेर पुरी बेल्न पो लागेका रहेछन् ! पुरी पकाउने कार्यलाई त्यसै थाति राखेर हामीले बिस्कुट र चिया खायौं र क्याम्पबाट हिड्यौं ।

पारिपट्टि हिउँ चितुवा पासोमा परेको ठाउँमा जानको लागि लांगु कर्णालीलाई पार गर्नुपर्ने थियो । यस कार्यको लागि हामीले काठको प्रयोग गरेर साँघु बनाएका थियौं तर साँघु माथि हिउँ जम्मा भएकाले धेरै चिप्लो भएको थियो त्यस कारण सर्व प्रथम त्यो हिउँलाई सफा

Photo : Darla Hillard



Photo : Darla Hillard



गर्ने काम गरियो । त्यसपछि सोनाम र कर्मालाई सामानहरूलाई पारि पट्टि पुर्‍याए र अन्तमा हामीलाई  हात समातेर पारिपट्टि पुर्‍याए ।

हिउँ चितुवा भएको ठाउँभन्दा अन्दाजि १०० मिटर अगावै हामीले ढुंगामा बसेर अब यस पछि कसले के गर्ने भनेर छलफल गर्‍यौं । हामीसँगै भएको सोनाम र कर्मालाई पनि उनीहरूले गर्न सक्ने कामको बारेमा बताएर उचित जिम्मेवारी दियौं । मैले ज्याबष्टिक (घंघारुको अन्दाजी डेढ मिटर लामो छडी) को टुप्पोमा इंजेक्सन फिट गरेर त्यस इंजेक्सनमा “केटासेट” भनिने वन्यजन्तु बेहोस गराउने औषधी ३.० मि.लि. भरेर राखें । त्यसपछि बिस्तारै हिँड्दै हामी पासोमा परेको हिउँ चितुवा भएतिर अगाडि बढ्यौं ।

हिउँ चितुवाको १० मिटर जति नजिक जाँदा उसको अघिल्तिर बायाँ खुट्टाको पंजा बलियो तारबाट बनेको सुर्किने पासोमा परेको देखियो । अचानक ऊ हाम्रो उपस्थिति देखेर पासोमा परेको खुट्टाले पासोको तारलाई तान्दै जोर–जोरले उफ्रिन लाग्यो । हामीले एकआपसमा कुरा गरेपछि रोड्नी क्यामेरा सोझ्याउँदै बिस्तारै त्यो हिउँ चितुवाको टाउकोतिरबाट नजिक गएर फोटोहरु खिच्न थाल्यो । चितुवा रोड्नीलाई आफू नजिकै देखेर जोरले स्याँ–स्याँ गर्न थाल्यो । उसले आफ्नो जिउलाई फुलाएर ठूलो पारेको थियो । कथम् कदाचित हिउँ चितुवाको खुट्टो तारले काट्टिएर वा तार चुँडालिएर म माथि नै सोझै जाई लाग्ने हो कि भन्ने सोचाई पनि नआएको होइन, त्यस्तो सोचेर अलि डर पनि लागिरहेको थियो । यही हो मौका जस्तो लागेर म हिउँ चितुवाको पछिल्तिरबाट अगाडि बढेर उसको नजिक पुगे र आफ्नो हातमा भएको ज्याबास्टिकको टुप्पोमा फिट गरिएको औषधी राखिएको इंजेक्सन हिउँ चितुवाको दाहिने फिलामा रोपि दिएँ ।

मैले ज्याबस्टिकको सहायताले इंजेक्सन घोचेको मात्र के थिएँ सो हिउँ चितुवाले मतिरै फर्किएर आफ्नो अगाडिको खुट्टाको पंजाले मैले समातेको ज्याबस्टिकमा जोरले हिर्कायो, फलस्वरूप मैले तानेर निकाल्नु भन्दा अघि नै उसको फिलामा घसेको इंजेक्सन आफैं बाहिर निस्कियो यो कुरा यति छिटो भयो कि लगातार स्वचालित क्यामेरा प्रयोग गरेर फोटो लिइरहेको रोड्नी र मैले हिउँ चितुवाको शरीर भित्र औषधीले प्रवेश गर्न पायो कि पाएन भन्ने कुरा राम्रोसँग ठम्याउन सकेनौं । तै पनि मलाई कता न कता औषधी उसको शरीर भित्र पूर्ण रुपमा प्रवेश गरेको जस्तो लागिरहेको थियो ।

हामीले अलि पर गएर हिउँ चितुवाले हामीलाई नदेख्ने गरि पाँच मिनट जति कुरेर हेर्ने विचार गर्‍यौं । हामी हिउँ चितुवातिर नै लगातार हेरिरहेका थियौं, नभन्दै तीन चार मिनटपछि हिउँ चितुवाले औषधीले असर गरेको लक्षण देखाउन थाल्यो । ऊ लडखडाउन थाल्यो, उसका खुट्टाहरू असन्तुलित हुन थाले । पाँच मिनट बित्नै लाग्दा हिउँ चितुवा जमिनमा लडिसकेको थियो ।

हामी छिटो बेहोश भएको हिउँ चितुवानिर गएर उसलाई पासोबाट निकाल्यौं र उसको खुट्टा, टाउको समातेर बोक्दै १५ मिटर जति पर लगेर जमिनमा राख्यौं जुन खुला र समतल थियो । त्यसपछि एक छिन पनि खेर नफालिकन अघि हामीले सल्लाह गरे अनुसार सबैजना आफ्नो कार्य गर्नतिर लाग्यौं । हिउँ चितुवाको आँखा नखुम्चिने गरी औषधीको असरको कारणले पूरा खुलेकोले, एउटा तौलियाले आँखा समेत छोपिने गरेर टाउकोलाई छोप्यौं ।

यसरी बेहोस भएको हिउँ चितुवाको टाउको छोप्नुपर्ने कारण एउटा त आँखा पुरा खुलेको हुँदा चर्को घामले आँखालाई नराम्रो असर गर्न सक्छ भने अर्को कुरो यो हिउँ चितुवालाई बेहोस पार्न प्रयोग गरिएको औषधीको प्रभाव यस्तो हुन्छ कि हिउँ चितुवाको आँखा र कानले आफ्नो गर्ने काम पूर्णरूपमा गरिरहेका हुन्छन् तर उसले खुट्टा, टाउको चलाएर कुनै प्रतिक्रिया देखाउन सक्दैन । अर्थात उसले त्यहाँ भएको मानिसलाई देख्छ, उसले बोलेको सुन्छ तर उसले खुट्टा, टाउको चलाएर उनिहरुलाई आक्रमण गर्न सक्दैन, आफू डराएर भाग्न पनि सक्दैन ।

हामीले हिउँ चितुवाको शरीरको नाप र तौल लियौं, शरीरमा कुनै चोटपटक लागेको छ कि भनेर पूरै जाँच गर्‍यौं, पेटतिर र कानमा पाइएका रगत चुस्ने परजीवि किर्नाहरुको संकलन गर्‍यौं, मलद्वार भित्र थर्मोमिटर राखेर उसको शरीरको तापक्रम लियौं, उसको घाँटीमा लगाएर छाडेको रेडियो कलर (रेडियो ट्रान्समिटर सहितको) लाई राम्रोसँग चेक गर्‍यौं, पासोमा परेको खुट्टाको पंजामा एण्टिसेप्टिक क्रिम लगाएर अन्तमा होसमा ल्याउने औषधीको इंजेक्सन दियौं ।

एकछिन पछि हिउँ चितुवा बिस्तारै होसमा आइरहेको लक्षण देखाउन थाल्यो । ऊ खुट्टा चलाएर उठ्ने कोसिश गर्न थाल्यो, एकछिनको लागि उठ्यो तर फेरि त्यहिनेर ढल्यो । फेरि उठ्यो, फेरि लड्यो । एवम्‌रितले लड्दै हिँड्दै गरेर हाम्रो आँखाबाट ऊ ओझेल भयो । हामीले उसको उपरोक्त गतिविधिको ऊ आँखाबाट नहराउन्जेलसम्म थुप्रो फोटोहरू लियौं ।

हिउँ चितुवालाई पासोबाट निकाल्ने कार्यमा पूर्ण सफलता प्राप्त भएकोले हामीले एक अर्कोलाई हात मिलाउँदै बधाई दियौं । मैले रोड्नीलाई अब क्याम्पमा पुगेपछि ठूलो पार्टि दिनुपर्छ भनें, उसले “ओके, नो प्रोबलम” भन्यो । अब क्याम्पमा फर्कनु पर्ने भएकोले सामानहरू प्याकिंग गर्न थाल्यौं । मैले आफ्नो डायरीमा नोट गर्न सोनामबाट थर्मोमिटर माँगे, उसले नै हिउँ चितुवाको मलद्वारमा राखेर अघि तापक्रम लिएको थियो । आफ्नो हातमा थर्मोमिटर लिएर यसो उसको रिडिङ हेर्छु त अचम्म लाग्यो, कारण उसले १५ डिग्रि सेल्सियस भन्दा कम देखाइ रहेको थियो, जुन असम्भव थियो । पछि बुझ्दै जाँदा थाहा भयो सोनामले त त्यो थर्मोमिटरलाई बाहिरी प्लास्टिकको खोल सहित मलद्वारमा एक दुई मिनेट राखेर बाहिर निकालेको रहेछ । हाम्रो लागि एउटा नयाँ जोकले जन्म लिएकोले हामी मरि मरिकन हाँस्दै क्याम्पमा फर्कियौं ।

– Kamal Thapa



Photo : Kamal Thapa

# Could Extant Policies and Practices in the Dhorpatan Hunting Reserve

## Make Trophy Hunting Sustainable in the Long Run?

I was curious to know that the numbers of blue sheep plummeted dramatically by two-fold (from 2002 individuals down to 1290) between 2016 and 2021, while numbers of Himalayan tahr almost doubled from 388 to 744 during five years in Dhorpatan Hunting Reserve (DHR). Surprisingly, the population of blue sheep decreased by 100% whereas Himalayan tahr's population increased by 100%. I was concerned because the continued trophy hunting practices that the Nepalese government has long permitted in DHR may have an impact on the populations of blue sheep and Himalayan tahr.

Such drastic alterations happen in the population of mountain ungulates if there were extensive natural disasters or massive anthropogenic disturbances. Otherwise, in normal circumstances, the population remains stable. A similar conclusion was also drawn by Prof. Per Wegge, who carried out the first extensive research on the demographic structure of blue sheep in the DHR. This paper is based on review of previous literature, published and unpublished reports and data, including discussion with park officials. Is it possible to hunt these ungulates sustainably in DHR if the population of blue sheep and Himalayan tahr shows this type of fluctuation? What are the main causes of this dramatic fluctuation in the population of these ungulates? As these ungulates inhabit the remote areas, conducting an effective field survey requires a substantial budget for organized camping, standard equipment, standard methodology, seasonal and durational uniformity. Similarly, skill and knowledge of surveyors, extensive and intensive knowledge and experiences in geography and map reading skills of surveyors, and most importantly the motivation and patience with nature is needed. Are these wide variances in the population of ungulates during past surveys the consequences of lacking factors? The snow leopard occurs here, and its main prey species are these ungulates. Is it an impact of heavy predation in the area? Is this the result of the park-people conflicts? These are important questions to be answered in order to run trophy hunting in a sustainable manner.

With a technical report and trophy hunting plan prepared by Prof. Per Wegge (1979) after two years of study, the then His Majesty Government of Nepal during Panchyat era established the DHR in 1983 and gazetted it in 1987 and legally introduced the program of trophy hunting. It is the only trophy hunting reserve in the country and spreads over 1325 km2 in the periphery of Baglung, Rukum and Myagdi districts of west Nepal. The objective of this hunting reserve was to allow sports hunting of blue sheep, Himalayan tahr, wild boar, barking deer, etc., based on guidelines and protocol prepared by the International Union for Conservation of Nature (IUCN) to preserve the high-altitude ecosystem of western Nepal.


Photo : Kamal Thapa

**According to IUCN' hunting criteria:**

a) Based on calculation of trophy-aged males that can be harvested sustainably with at least two seasons during winter (mating period) and subsequently in spring season (after winter) details surveys on targeted wild species,

b) The number of trophy animal hunting permits applied in any single year should not exceed 2% of total population and 25% of total trophy-sized animals available,

c) 1:0.6 (60 male per 100 female) sex ratio in a population should also be given due consideration while allocating harvesting quotas to ensure population viability, fertility, and mortality rate,

d) Predator-prey analysis for maintaining ecosystem balance.

Since then, blue sheep, Himalayan tahr, and other complimentary wild animals have been hunted by foreigners in the DHR under the provision of National Parks and Wildlife Conservation Act (NPWC Act, 1973 fourth amendment 1992).

Ironically, the submitted management plan of hunting reserve by Wegge (1979) was silent about prey-predator relationships and future consequences of the action in ecosystem level.

For example, snow leopard is listed as vulnerable (IUCN 2018), and in Nepal, snow leopard is listed as a protected mammal (NPWC Act, 1973). However, in DHR, there has been no plan regarding the impact of hunting of blue sheep and Himalayan tahr developed for snow leopard conservation. Jackson and Ahlborn (1989) hypothesized that an adult snow leopard requires 20 to 30 blue sheep annually, for which a population viability of 150 to 250 individuals of mountain ungulates is required (possibly less in areas, where other prey species easily available).

Under this assumption and current estimated population (2021) in DHR of mountain ungulates (blue sheep =1290 and Himalayan tahr: 744), the DHR can sustain 8 to 10 individuals of snow leopards. The population data of mountain ungulates in the reports by Per Wegge (1979) appear to be in accordance with IUCN's guidelines and standards, but subsequent studies are conducted only once every five years.

It is mandatory to conduct the two seasonal surveys, one in winter and subsequently in the spring season prior to fixing the quota for trophy hunting.

If we assume that the given demographic structure of blue sheep data are reliable in DHR, it is surprising that those data indicate unstable populations in DHR. For instance, various studies estimated the population of blue sheep such as Wegge (1979= 575 to 530), Wilson (1981= 800 to 900) and based on the subsequent studies (Bajimaya et al. 1991: 1346 individuals; Karki and Thapa 2007: 852; DHR 2011: 1648; DHR 2016: 2202; DHR 2021:1290). There seems to be a lot of fluctuation in the population data of blue sheep as mentioned above. But according to Wegge (1979), the population of blue sheep and Himalayan tahr should be stable, and the reasons behind this instability are not clear. The reasons behind this could be lack of budget, inconsistency of methodology and season, limited duration, unstandardized equipment, variability of skills and experiences of surveyors, lack of knowledge on map reading and geography, and more importantly, the carelessness towards nature.

Likewise, if we compare the data with Wegge (1971) and (Wilson 1981), current estimated birth rate of blue sheep based on statistics indicates that it has dropped significantly. Wilson (1981) estimated the birth rate of blue sheep in the autumn season was 83 young per 100 female, which dropped to 73 young per 100 female in the spring season in the year 1980. But currently, the birth-rate of blue sheep seems to have dropped significantly. For instance, as mentioned in reports, the birth rate of blue sheep out of 100 females is 13 (Karki and Thapa 2008), 22 (Kandel, 2011), 12 (DHR, 2016) and 37 (DHR, 2021). If this birth rate is considered reliable, then it suggests a huge decline in the number of ungulates in DHR. And if the data of this low birth rate is analysed from the conservation science point of view, hunting cannot be recommended. In ungulates, if the ratio of young is higher than 0.7, it indicates an increasing population, between 0.5 to 0.7 young indicates a stable population, and less than 0.5 young indicates a decreasing population in any given location. The dramatically low recruitment rate in DHR population is clearly indicative of decreasing trends. If this theory is accepted, the number of blue sheep will decrease alarmingly in the near future, indicating a negative impact in the ecosystem of DHR.

In summary, there needs to be a revision of extant policy, programs, and practice, applying the reliable scientific methodology and ensuring fair benefit sharing to local people that would balance the ecosystem as well as social harmony in DHR. There is no doubt that such actions would minimize the park-people conflicts, and such a plan would be replicable in other appropriate locations of Nepal and elsewhere.

(Note: The author's views are his own. The citations of blue sheep and Himalayan tahr have been taken from the source of Department of National Parks and Wildlife Conservation-Editors)




- कमल थापा

# के ढोरपाटन शिकार आरक्षमा हालका नीति तथा अभ्यासहरूले शिकार योजना दिर्घकालिन रूपमा दिगो हुन सक्छन् ?

मलाई खुल्दुली भयो किनकी ढोरपाटन शिकार आरक्षमा पाँच वर्ष अगाडिको तुलनामा गत वर्ष नाउरको संख्या लगभग दोब्बरले घटेछ जस्तैः सन् २०१६ मा नाउरको संख्या २२०२ र सन् २०२१ मा १२९० थियो भने झारलको संख्या झण्डै दोब्बरले बढेछ जस्तैः सन् २०१६ मा ३८८ रहेको झारल सन् २०२१ मा ७४४ पुगेको थियो । नाउर लगभग १०० प्रतिशतले घट्ने तर झारल भने १०० प्रतिशतले बढ्ने । उक्त क्षेत्रमा नेपाल सरकारले कानून बमोजिम वन्यजन्तु शिकार गर्ने अनुमती दिएको हुँदा त्यस्को असरले सँख्यामा घटबढ भएको पो हो कि भनेर मलाई यस सम्बन्धी चासो लाग्यो ।

यदि प्राकृतिक प्रकोप वा त्यस्तो खालको मानवीय उथलपुथल भएमा मात्र नाउर तथा झारलको संख्यामा वृहत्त रूपमा परिवर्तन हुन्छ तर त्यस्ता प्राकृतिक प्रकोप वा मानवीय उथलपुथल नभएमा वा प्राकृतिक रूपमै उनीहरू बाँच्न पाएमा नाउरको संख्या स्थिर रहन्छ । जुन कुरा उक्त क्षेत्रमा पहिलो चोटि नाउरको सँख्या सम्बन्धी अध्ययन गर्ने प्राध्यापक पेर वेग्गेले पनि लामो अध्ययन् पश्चात ढोरपाटनको नाउर र झारलको सँख्या स्थिर प्रकृतीको छ भनेर आफ्नो प्रतिवेदनमा लेखेका छन् । ढोरपाटनमा नाउर तथा झारलको संख्यामा व्यापक परिवर्तन हुनुको कारणबारे चासो भएको हुँदा मैले बिगतमा गरिएका विभिन्न अध्ययन् तथा अनुसन्धानका प्रतिवेदनहरू विश्लेषण र विभिन्न निकुञ्ज अधिकारीहरूसँग छलफल गरी यो लेख तयार गरेको छु । के नाउर र झारलको संख्यामा यस्तै अनेपेक्षित रूपमा घटबढ हुने हो भने हामीले दिर्घकालीन रूपमा ढोरपाटनमा शिकार गराउन सक्छौँ त ? के कारणले ढोरपाटनमा नाउर तथा झारलको संख्यामा यस्तो व्यापक रूपमा घटबढ भैरहेको छ ? नाउर तथा झारलहरू दुर्गम क्षेत्रमा पाइने हुँदा प्रभावकारी सर्वेक्षण गर्न बन्दोबस्तीका सामानहरू, भरपर्दो सर्वेक्षण गर्ने उपकरणहरू, निश्चित सर्वेक्षण गर्ने विधि, मौसम र समय अवधि एकरूपता, सर्वेक्षण गर्ने क्षेत्रको भूगोलको ज्ञान भएको र नक्सा अध्ययन गर्नसक्ने, दक्ष तथा अनुभवी हुनुको साथै वन्यजन्तुप्रतिको लगाब र प्रेरणा भएको प्राविधिकहरूको अनिवार्यता सँधै हुन्छ । विगतमा गरिएका सर्वेक्षणहरूको नतिजाहरूमा फराकिलो भिन्नता आउनुमा कतै यि कुरामा फरक पर्न गएकोले त्यस्ता फराकिला तथ्याँकहरू आएका त होईनन ? हिँउ चितुवा जसको मुख्य प्राकृतिक आहर नाउर र झारल हो, कतै हिँउ चितुवाको कारणले गर्दा पो यस्तो भइरहेको छ कि ? कतै निकुञ्ज र ढोरपाटन शिकार आरक्ष वरिपरी बस्ने स्थानीय बासिन्दाहरूसँग को द्वन्द्वहरूका कारणले गर्दा पो हो कि ? यी प्रश्नहरुको खोजबीन गर्नुपर्ने महत्वपूर्ण छन्, खासगरी अनन्तसम्म दिगो शिकार सञ्चालनको लागि।

प्राध्यापक पर वेगीको दुई वर्षको अध्ययन पश्चात १९७९ सालमा बुझाएको प्रतिवेदन अनुशार तत्कालिन श्री ५ को सरकारले पञ्चायत कालको समय, १९८३ (वि.सं.२०४०) मा, ढोरपाटन क्षेत्रलाई शिकार आरक्ष स्थापना गरी १९८७ (वि.सं.२०४४) मा राजपत्रमा प्रकाशित गरी कानूनी रूपमा शिकार कार्यक्रम संचालनमा ल्याएको हो। यो आरक्ष नेपालको पहिलो एक मात्र शिकार आरक्ष हो र पश्चिम नेपालको बाग्लुङ, म्याग्दी र रुकुम जिल्लाको परिधिमा १३२५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ । यो आरक्षको मुख्य उद्धेश्य भनेको नाउर र झारल लगायत बँदेल, राते मृग आदिको अन्तराष्ट्रिय विश्व संरक्षण

संघ (आईयुसिएन) को शिकार सम्बन्धी दिशानिर्देशन तथा मापदण्ड अनुसार साहशिक सिकार गराउने र पश्चिम नेपालको उच्च पहाडी पर्यावरणको सन्तुलन गरी पारिस्थतिकिय प्रणालीको संरक्षण गर्ने रहेको छ ।

*आईयुसिएनको शिकार सम्बन्धी मापदण्ड अनुसार :*

क) शिकारको कोटा निर्धारण गर्नु भन्दा अगाडी कम्तिमा पनि वर्षको दुई पटक (पहिलो सर्वेक्षण हिँउदे मास र त्यस लगतै बसन्त मास) सर्वेक्षण गरेर मात्र नाउर र झारलको वयस्क भालेहरुको संख्याको आधार मा शिकार गर्न कोटा निर्धारण गर्नु पर्ने,

ख) तथ्याकंबाट आएको जम्मा जनावरको सँख्याको बढीमा दुई प्रतिशत र जम्मा बयस्क भालेको संख्या मध्यको बढीमा २५ प्रतिशत मात्र शिकारको कोटा निर्धारण गर्ने,

ग) कम्तिमा पनि ६० बयस्क भाले बाराबर १०० बयस्क पोथीको लिङ्ग अनुपात हुनुपर्ने साथै बच्चाको जन्मदर र मृत्युदरलाई आधार मान्ने ।

घ) पर्यावरण सन्तुलन राख्नको लागि शिकार–शिकारी विश्लेषण

त्यसयता राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र सान्दर्भिक दिशानिर्देशनको प्रावधान अन्तर्गत ढोरपाटनमा विदेशीहरूले पहाडमा पाइने विशेष गरी नाउर र झारल लगायत अन्य को शिकार भइरहेको छ ।

तर विडम्बनापूर्वक भन्नु पर्छ कि, वेगी (१९७९) द्वारा पेश गरिएको शिकार आरक्षको योजना शिकार–शिकारी सम्बन्ध र समग्र रूपमा पारिस्थितिक प्रणाली स्तरमा कार्यको भविष्यका परिणामहरुको बारेमा मौन रहेको पाइन्छ ।

उदाहरणका लागि नाउर र झारल, संवेदनशील हिउँ चितुवा (आईयुसिएन, २०१८) को मुख्य शिकार प्रजाति हुन् र नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार हिउँ चितुवा संरक्षणको प्राथमिकतामा परेको स्तनधारी जीवमा सूचिकृत छ । तर ढोरपाटनमा नाउर तथा झारलको शिकार गरेमा हिँउ चितुवालाई पर्न सक्ने असर बारे योजनामा पाइँदैन जस्ले गर्दा त्यहाँको पारिस्थतिकिय प्रणाली बारेमा दिगो योजना नभएको प्रष्ट हुन्छ । ज्याकसन र अहल्बर्न (१९८९) का अनुसार एउटा हिउँ चितुवालाई बाच्नको लागी वर्षमा कम्तिमा पनि २० देखी ३० नाउर आवश्यकता पर्दछ जसलाई, १५० देखी २५० नाउरसंख्याले सन्तुलित पार्न सक्दछ (यदि त्यस क्षेत्रमा अन्य शिकार प्रजाति छ भने, सन्तुलित संख्या कम पनि हुन सक्छ) ।

हालको (२०२१) नाउर र झारल को संख्यात्मक तथ्याँक अनुसार (नाउर १२९० र झारल ७४४) उक्त संख्याले ८ देखी १० हिँउ चितुवालाई ढोरपाटनमा सन्तुलित गर्न सक्ने देखिन्छ । पर वेग्गी (१९७९) द्वारा गरिएको नाउर र झारलको संख्यात्मक अध्ययन र विश्लेषण प्रतिवेदन आईयुसिएनको मार्गदर्शन तथा मापदण्ड अनुसार भएको देखिन्छ तर त्यस पछिका अध्ययनहरू भने प्रत्येक पाँच बर्षमा एक पटक मात्र सर्वेक्षण गरी फितलो विश्लेषण गरी शिकार कोटा अनुमति दिइएको प्रतिवेदनले इंगित गर्दछ । जबकी शिकारको लागी कोटा छुट्याउनु भन्दा पहिले नै कम्तिमा पनि दुई पटक (हिँउद र बसन्त मौसम) सर्वेक्षण गर्नुपर्ने हुन्छ ।

यदि हामीले नाउरको संख्याको तथ्यांक यस आरक्षमा विश्वसनीय छ भन्ने मानेका छौं भने यो आश्चर्यजनक छ कि ती तथ्यांकहरूले नाउरको संख्या अस्थिर रहेको संकेत गर्दछ ।

उदाहरणका लागि विभिन्न अध्ययनले नाउरको संख्या यस प्रकार देखाएका छन् जस्तै वग्गी (१९७९=५७५ देखी ५३०) र विल्सन (१९८१=८०० देखी ९००) र त्यस पश्चात गरिएका अध्ययन बजीमाय र साथीहरू (१९९१=१३४६); कार्की र थापा (२००७=८५२); कँडेल (२०११=१६४८ ) र ढोरपाटन शिकार आरक्ष (२०१६=२२०२; २०२१= १२९०)। माथि उल्लेखित गरिएका नाउरका संख्याहरुमा निकै उतार चढाव देखिन्छन् तर वेग्गी (सन १९७९) अनुसार ढोरपाटनको नाउर र झारलको संख्या स्थिर हुनु पर्ने हो। विभिन्न कारणहरु मध्य महत्वपुर्ण कारणहरु जस्तै उक्त सर्वेक्षण गर्न गरिएका लगानी को कमी, सर्वेक्षण गर्ने विधीहरूमा अनेकता,सर्वेक्षण गरिएका फरक फरक मौसम र समय अवधि, प्रविधि र उपकरणहरुको अपर्याप्तता, सर्वेक्षकको ज्ञान र शीपमा विविधता आदि यस्ता फराकिला अन्तरको तथ्याँक हुनसक्ने बलियो सम्भावना देखिन्छ ।

त्यस्तै, यदी वेग्गी (१९७९) र विल्सन (१९८१) सँग तुलना गर्ने हो भने, हालै नाउरको बच्चाको जन्मदर उच्च रूपमा खस्किएको तथ्याँकले देखाएको छ । विल्सन (१९८१) अनुसार सन् १९८० को शरद ऋतुमा नाउरको जन्म दर १०० वयस्क पोथी बराबर ८३ बच्चाहरु थियो भने त्यसको लगतैको बसन्त ऋतुममा १०० वयस्क पोथी बराबर ७३ बच्चामा झरेको थियो । तर हाल माथि उल्लेखित नाउरको बच्चाको जन्मदरहरू उच्च रुपमा खस्किएको देखिन्छ । जस्तै उदाहरणका लागि प्रति १०० वयस्क पोथी नाउर बराबर १३ बच्चा (कार्की र थापा, २००७) २२ बच्चा (कडैंल, २०११); १२ बच्चा (आरक्ष, २०१६) र ३७ बच्चा (आरक्ष, २०२१) प्रतिवेदनमा उल्लेख गरिएको छ । यदि यो जन्मदर साँच्चिकै भरपर्दो मान्ने हो भने ढोरपाटनको नाउरको संख्यामा भारी गिरावट हुनुपर्ने हो र यस्तो कमजोर जन्मदरको तथ्याँकको जीव संरक्षण विज्ञानको हिसाबले विश्लेषण गर्ने हो भने शिकारको लागि सिफारिस गर्न सँकिदैन । सैदान्तिक रुपमा नाउर तथा झारल प्रजातिमा बच्चाको जन्मदर यदी ७० भन्दा माथि छ भने उक्त झुण्डलाई बढ्दो संख्याको रूपमा, ५० देखी ७० सम्मको जन्मदर छ भने उक्त झुण्डलाई स्थिर संख्याको रूपमा र ५० भन्दा कम जन्मदर छ भने घट्दो संख्याको रुपमा संकेत हो भनेर बुझ्ने गरिन्छ । यो सिद्धान्तलाई मान्दै गर्दा ढोरपाटनको नाउरको सँख्या निकट भविष्यमा डरलाग्दो रुपमा घट्ने सँकेत गर्दछ जसले गर्दा त्यहाँको पारिस्थितिय प्रणालीलाई नकरात्मक प्रभाव पर्न सक्ने आंकलन गर्न सकिन्छ ।

सारमा, दिगो संरक्षणको लक्ष्य सहित मानव-वन्यजन्तुको सह-असतित्वलाई स्विकार्दै विधमानमा रहेका नीति तथा कार्यक्रम र अभ्यासहरूको गहन समीक्षा गरी योजनाको न्यायोचित लाभ त्यहाँका स्थानीय जनताहरुलाई बाँडफाड गर्ने गरी वैज्ञानिक ढङ्गले यस्ता योजनाहरू सँचालन गरेमा पक्कै पनि दिर्घकालिन रुपमा दिगो हुने कुरामा दुईमत नहोला । जसले गर्दा हालमा भैरहेको मानव-आरक्ष बिचको द्वन्द्व कम हुनेछ र यस्ता कार्यक्रमहरुलाई नेपाल र अन्य उपयुक्त स्थानहरुमा पनि दोहोऱ्याउन सकिने थियो ।

(नोटः यस लेखमा उल्लिखित विचारहरु लेखकको निजी हुन् । लेखमा उल्लिखित नाउर र झारलको सन्दर्भहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्रोतबाट लिइएको हो -सम्पादक।)

# Satellite Collaring of **Snow Leopard** *Should be Part of the Discussion*

Photo : Anil Adhikari




Dr. Ganesh Panta is an ecologist at Department of National Parks and Wildlife Conservation. Dr. Panta, who is from Gorkha, has spent 18 years in the management of Nepal's protected areas. Dr. Panta has already worked as chief conservation officer at Sagarmatha, Banke, and Shey Phoksundo national parks, and conservation officer at Chitwan and Shuklaphanta national parks. He holds a master's of environmental management from University of Queensland, Australia, and a doctorate from University of Southern Queensland. Panta has published over half a dozen scientific articles. In this interview with Anil Adhikari, a member of Snow Leopard Magazine's editorial board, Dr. Panta talks about the current situation of snow leopards in Nepal.

**What do you consider the biggest threat to snow leopard?**

-Since the habitat of snow leopard falls in Nepal's high Himalayas, where human settlement is thin, they do not suffer the impacts of human density and destruction of habitat as the tigers face in the Terai. However, the challenges snow leopards face are of an unusual nature. The majority of people in the Himalayas eke out a living through animal husbandry, and the grazing area of the livestock intersects with snow leopard's habitat. For this reason, the interaction between humans and snow leopard in those areas is high. Because of this, snow leopard is found to be preying on the domesticated animals like sheep, goats, yaks, and horses. In some instances, they are found to be preying on over 50 goats at one go by entering the sheds. The human-snow leopard conflict triggered by such incidents and human's retaliatory killing of the predators is the biggest challenge at the moment. But there are many other challenges in snow leopard conservation—such as the depletion of the habitat due to excessive grazing of livestock; scarcity of prey species due to less grasses in grazing areas; poaching and illegal trade; effect of human pressure during herb collection, including Cordyceps; and possible effects of climate change on the habitat.

**After GPS collaring, three snow leopards have died in Shey Phoksundo National Park, one by one. Can we take human-snow leopard conflict as a reason behind this? How do you analyze this serious situation?**

-Yes, it is definitely a serious problem, and it is about time the collaring of snow leopard comes into discussion. But as for the collaring work in Dolpa, I see two aspects to it. One is, as you said, the situation given rise by human-snow leopard conflict, and another could be various elements such as the choice of the animal taken for satellite collaring, its health condition, inter-specific fighting, and natural death rate.

In the last two years at Shey Phoksundo National Park, nearly Rs 15 million has been distributed to compensate loss of livestock due to snow leopard attack, and as much for community-based livestock insurance program through five snow leopard conservation committees. Programs such as awareness for shepherds, education of elderly women, and drives focused on students through eco clubs have also been launched with coordination from WWF Nepal and the national park office. These programs show the locals are committed in one way or another for snow leopard conservation. That's why I think it's not logical to conclude that human-snow leopard conflicts are the sole reason behind their deaths, but like you said, of the various potential reasons, the conflicts too might be one. If we look at reports from National Forensic Science Laboratory and National Veterinary Laboratory, the deaths haven't been attributed to human reasons. Hence, the reasons should be found out through the first-hand information furnished by Dolpa's local community, national park office and the technicians.

**What issues should be paid attention to in hopes to mitigate these losses and complexities in the future?**

-By taking incidents in Dolpa as unfortunate and irreplacable results as a lesson, we should take caution in the coming days. In my opinion, to prevent these kinds of losses in the future, selection of the animals before GPS collaring should




Photo :Anil Adhikari

be judicious, full ownership of local community on the GPS collaring drive and their participation in conservation should be ensured, and we ought to ask whether GPS collaring work in itself is a matter of priority and compulsion when it comes to research. I think these issues should be discussed widely and taken as lessons.

**A few years ago, a video showing Cordyceps pickers abusing snow leopards in Shey Phoksundo National park had been public. Along with that, looking at aforementioned incidents, can we say that snow leopards are in danger at Shey Phoksundo?**

-Those kinds of incidents are unfortunate, and they shouldn't happen.

**After the snow leopards are GPS collared, are the local level snow leopard conservation sub-committees, respective park and conservation area offices, and departments carrying out regular field monitoring drives?**

-For sure, monitoring is taking place on a regular basis. On the local level, the respective park offices and buffer zone committees under them, Snow Leopard Conservation Committees, and Community-Based Anti-Poaching Unit have been directly involved in regular field monitoring.

**What update do you have on the program of GPS collaring eight snow leopards at the remaining western landscape in Annapurna-Manaslu Conservation Area?**

-The GPS collaring work of 12 snow leopards, including four each in Dolpa, Annapurna and Manaslu conservation areas, was carried out as per the ministerial decision of 2075/ 5/ 15, involving the Ministry of Forestry and Environment, to gain knowledge on the distribution of snow leopards, international grazing areas, and habitat, and to help in their conservation and management. While four collaring work is already complete in Dolpa, the process of collaring hasn't moved ahead in other conservation areas.

**Three landscapes that Nepal had committed to as part of the goals of Global Snow Leopard and Ecosystem Protection Program (GSLEP) have already been ensured. Has the department formulated a separate policy to conserve snow leopards in these areas? What kind of noteworthy programs are there for conservation?**

-Nepal has committed to operating conservation programs on the three landscapes as per the goals of GSLEP. According to the same commitment, Nepal--in a first among 12 countries that are home to snow leopard--has launched programs after formulating the Climate Smart Snow Leopard Management Plan in 2017 in landscapes from Langtang National Park in the east to Kanchanjunga Conservation Area. Meanwhile, the plan to manage landscapes in the west is in the final stage after undergoing several rounds of discussions. This plan includes programs such as conservation of snow leopard at landscape level, economic progress of the local community, and mitigation of the impacts of climate change on snow leopard's habitat and ecosystem.

**Does the department have any programs or plans related to snow leopard-based tourism?**

-Even if the department doesn't have a separate program for snow leopard-based tourism development endorsed and ratified by government, there have been efforts from offices of conservation areas that are home to snow leopard to connect snow leopard conservation to tourism and livelihoods by prioritizing conservation programs. Currently, the Snow Leopard Conservation Action Plan is on the verge of being revised, and I expect that the amended five-year action plan will also include programs to bridge snow leopard conservation work to livelihoods and income of locals who depend on animal husbandry for a living.

**What is your impression on the current situation of budgeting, commitment, plans, and programs focused on snow leopard conservation among local units that are home to snow leopard? Are the field offices coordinating with local units for conservation of snow leopards, their prey species, and habitat? And is this necessary?**

-The issue you have raised is important. It is urgent that we hold provincial and local government accountable for conservation of snow leopard and to facilitate the process. Today, about 30-35 percent of Nepal's total snow leopard habitat lies outside of the conservation areas and on the jurisdiction of provincial and local governments. For sustainable conservation of snow leopard, work should be done in such a way that the connectivity between snow leopards lying outside of protected areas and those in the core area is not breached. Alongside, there is also a possibility that the local units can make income by investing in infrastructure for snow leopard-based tourism.

**How important do you think is the operation of community level conservation education to protect snow leopards? If it is important, what kinds of plans is the department formulating for it?**

-The community-based conservation education program is extremely important for snow leopard conservation. If subjects on snow leopard conservation are included in school-level curriculum, it would increase ownership among the local people about conservation. For now, as reference material, the department has published two books based on snow leopard conservation. They are being taught to Grade 7 and8 in 12 schools in Mustang and Taplejung districts. Likewise, discussion on plans for snow leopard-based livelihoods is also equally important.



Photo : Anil Adhikari

# हिउँ चितुवामा स्याटेलाइट कलर जडान गर्ने कार्य छलफलमा आउनै पर्ने विषय बनेको छ

*डा गणेश पन्त राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका इकोलोजिष्ट हुन् । स्थायी घर गोरखा भएका डा पन्तले नेपालका संरक्षित क्षेत्रहरूको व्यवस्थापनमा १८ वर्ष बिताइसकेका छन् । डा पन्तसँग सगरमाथा, बाँके र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जहरूमा प्रमुख संरक्षण अधिकृत र चितवन तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा संरक्षण अधिकृत भई काम गरेको अनुभव छ। अष्ट्रेलियाको यूनिभर्सिटी अफ क्वीन्सल्याण्डबाट उनले वातावरणीय व्यवस्थापनमा स्नातकोत्तर (एमएससी) र यूनिभर्सिटी अफ साउर्दन क्वीन्सल्याण्डबाट विद्यावारिधि (पीएचडी) गरेका छन्। पन्तको आधा दर्जन बढी वैज्ञानिक लेखहरू प्रकाशित छन्। नेपालमा हिउ चितुवाको वर्तमान अवस्थाका बारेमा डा पन्तले हिउ चितुवा पत्रिकाका सम्पादन समूह सदस्य अनिल अधिकारीसँग गरेको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ।*

*हिउँ चितुवाको सबैभन्दा ठूलो खतरा केलाई मान्नुहुन्छ ?*

नेपालमा हिउँ चितुवाको वासस्थान र फैलावट मानव बस्ती पातलो भएको उच्च हिमाली क्षेत्रमा रहेकाले तराईमा बाघले भोगिरहेको जस्तो वासस्थानको विनास र मानवीय चापको समस्या हिउँ चितुवाको हकमा खासै छैन । तर हिउँ चितुवाले भोगिरहेको चुनौति बिशेष प्रकृतिको छ । नेपालको हिमाली जनजीवन प्रमुख रूपमा पशुपालनमा निर्भर रहेको छ र पशुपालन हुने चरिचरन क्षेत्र नै हिउँ चितुवाको प्रमुख वासस्थानको रूपमा रहेको छ । यसकारण हिमाली क्षेत्रमा मानव-हिउँ चितुवाको अन्तरक्रिया र ओभरल्याप धेरै छ । यही कारण हिउँ चितुवाले आफ्नो आहाराको रूपमा पशुबस्तु भेडा, बाख्रा, चौँरी, घोडा आदिको क्षति गर्ने गरेको छ । कहिलेकाहीँ त गोठमै पसेर ५० वटा भन्दा बढी बाख्राहरू एकैपटक मारेको घटनाहरू पनि छन् । यसबाट सिर्जित मानव-हिउँ चितुवा द्वन्द्व र त्यसबाट हुने हिउँ चितुवाको प्रतिशोधात्मक शिकार नै हिउँ चितुवाको लागि सबैभन्दा ठूलो चुनौति हो । तर पनि अन्य चुनौतिहरू जस्तै गाईवस्तुको अत्यधिक चरिचरनका कारण वासस्थान क्षयिकरण भई हिउँ चितुवाको आहारा प्रजातिका लागि आवश्यक मात्रामा घाँस नहुँदा आहारा प्रजातिको उपलब्धतामा हुने कमी, चोरीशिकार र अवैध व्यापार, यार्सागुम्बा लगायतका जडिबुटी संकलनका क्रममा हुने मानवीय चापका कारण पर्ने प्रभाव र जलवायु परिवर्तनले वासस्थानमा पार्न सक्ने प्रभाव लगायतका कारण हिउँ चितुवाको संरक्षणमा चुनौति थपिएको छ ।

*जीपीएस कलर गरेको एकपछि अर्को गर्दै तीनवटा हिउँ चितुवाहरू शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा मरिसकेका छन् । मानव र हिउँ चितुवाको द्वन्द्वलाई यी घटनाहरूको कारक मान्न सकिन्छ ? यस गम्भिर अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?*

हो, यो निश्चय पनि अलि गम्भीर अवस्था हो र अब हिउँ चितुवामा सेटलाइट कलरिङ गर्ने कार्य छलफलमा आउनै पर्ने विषय बनेको छ । तर डोल्पामा भएको सेटलाइट कलरिङको हकमा म यस सम्बन्धी दुइवटा पाटो देख्छु । एउटा तपाईले भने जस्तै मानव-हिउँ चितुवा द्वन्द्वबाट सिर्जित परिणाम एउटा पाटो भयो भने अर्को चाँही त्यो कलर जडान गरिने जनावरको छनौट, उसको स्वास्थ्य अवस्था, जनावर-जनावर बिचको संघर्ष र प्राकृतिक मृत्युदरको विषय पनि हुन सक्छ ।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जबाट बिगत २ वर्षमा झण्डै १.५ करोड रकम हिउँ चितुवाबाट भएको पशुधनको क्षतिको राहत स्वरूप वितरण गरिसकिएको छ, पाँचवटा हिउँ चितुवा संरक्षण समिति मार्फत १.५ करोड बढीको अक्षय कोष जम्मा गरी समुदायमा आधारित पशु बीमा कार्यक्रम सञ्चालनमा ल्याइएको छ । निकुञ्ज कार्यालय र डब्लुडब्लुएफ नेपाल मार्फत गोठालो शिक्षा, महिलाहरूलाई प्रौढ शिक्षा र विद्यार्थीहरूलाई ईको क्लब मार्फत संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यति हुनु भनेको पक्कै पनि स्थानीय जनता हिउँ चितुवाको संरक्षणमा कुनै न कुनै रूपमा प्रतिबद्ध छन् । त्यसैले मानव-हिउँ चितुवा द्वन्द्वका कारण मात्रै हिउँ चितुवाको मृत्यु भयो भन्ने निष्कर्ष निकाल्न चाहीँ युक्तिसंगत हुँदैन जस्तो लाग्छ तर तपाईंले भने जस्तै विभिन्न कारणहरू मध्ये एउटा सम्भाव्य कारण मानव-हिउँ चितुवा द्वन्द्व पनि हुन सक्यो । राष्ट्रिय विधि विज्ञान प्रयोगशाला र राष्ट्रिय भेटर िनरी प्रयोगशालाबाट प्राप्त प्रतिवेदनहरू हेर्ने हो भने मानवीय कारणबाट मृत्यु भएको हो भनी यकिन गरिएको छैन । यसर्थ यस विषयमा

डोल्पाको स्थानीय समुदाय, निकुञ्ज कार्यालय र प्राविधिकहरूले दिने पहिलो जानकारी (फर्स्ट ह्याण्ड इन्फरमेसन) बाटै कारण पहिल्याउन सक्नुपर्छ ।

*आगामी दिनमा यस्ता प्रकारका क्षति र अप्ठेराहरू रोक्न के कति कुरामा ध्यान दिनु आवश्यक छ ?*

डोल्पामा भएको एक खालको अपूरणीय र दुर्भाग्यपूर्ण नतिजालाई चाहिँ एउटा सिकाईको रुपमा लिएर आगामी दिन सावधानी त अपनाउनै पर्छ । मेरो विचारमा आगामी दिनमा यस्ता प्रकारका क्षति रोक्न जस्तै सेटेलाइट वा जीपीएस कलरिङ कार्य गर्नु अघि वन्यजन्तुको छनौटको विषय, जीपीएस कलरिङ गर्नु अघि स्थानीय समुदायबाट पूर्ण अपनत्व र संरक्षणमा सहभागिताको सुनिश्चितता र जीपीएस कलरिङको कार्य नै अध्ययन अनुसन्धानको प्राथमिकता र अनिवार्यता हो कि होइन ? यी सबै विषयहरूलाई अलि वृहत छलफल गरी सिकाईको रुपमा लिनुपर्छ जस्तो लाग्छ ।

*शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा केही वर्ष पहिले यार्सागुम्बा संकलकहरूबाट हिउँ चितुवामाथि दुर्व्यवहार भएको भिडियो सार्वजनिक भएको थियो । त्यो सागै उल्लिखित घटनाहरूलाई हेर्दा शे-फोक्सुण्डो मा हिउँ चितुवाहरू खतरामा छन् भन्न सकिन्छ ?*

त्यस किसिमका घटनाहरू हुनु दुर्भाग्यपुर्ण हो र त्यस्तो हुनुहुन्न ।

*हिउँ चितुवालाई कलर गरिसकेपछि स्थानीय स्तरका हिउँ चितुवा संरक्षण उपसमिति, सम्बन्धित निकुञ्ज र संरक्षण क्षेत्र कार्यालय र विभागबाट नियमित फिल्ड अनुगमन हुने गरेको छ ?*

पक्कै पनि नियमित रूपमा अनुगमन हुन्छ । स्थानीय स्तरमा सम्बन्धित निकुञ्ज कार्यालय र अन्तर्गतका मध्यवर्ती समिति, हिउँ चितुवा संरक्षण समिति, चोरीशिकार नियन्त्रण युवा समितिहरूको प्रत्यक्ष सहभागितामा निगरानीमा फिल्ड स्तरमा नियमित अनुगमन हुने गरेको छ ।

*हिउँ चितुवाको स्याटेलाइट कलर गर्न बाकी पश्चिमि भू-परिधि क्षेत्र अन्तर्गत अन्नपूर्ण-मनास्लु संरक्षण क्षेत्रमा गरिने भनिएको ८ वटा कलरको अद्यावधिक जानकारी के छ ?*

पश्चिमी भू-परिधि क्षेत्र अन्तर्गत डोल्पामा ४ वटा र अन्नपुर्ण-मनास्लु संरक्षण क्षेत्रमा ४-४ वटा गरी जम्मा १२ वटा हिउँ चितुवा जीपीएस कलर जडान गरी हिउँ चितुवाको वितरण, अन्तरदेशीय विचरण, वासस्थान आदिको बारेमा जानकारी हासिल गरी संरक्षण र व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रिस्तर) को मिति २०७५/५/१५ को निर्णयानुसार कलरिङ कार्य गरिएको हो । डोल्पामा ४ वटामा कलरिङ कार्य सम्पन्न भइसकेपछि हाल अन्य संरक्षित क्षेत्रमा कलरिङ गर्ने प्रक्रिया अगाडी बढेको छैन ।

*ग्लोबल स्नो लेपर्ड एण्ड इकोसिस्टम प्रोटेक्सन प्रोग्राम (जीएसइएलपी) को लक्ष्य अनुरूप नेपालले प्रतिवद्धता जनाएको तीन वटा भूपरिधि वासस्थानहरू पनि सुनिश्चित गरिसकिएको अवस्था छ । यी स्थानहरूमा हिउँ चितुवाहरूलाई सुरक्षित राख्न विभागले छुट्टै रणनीति तय गरेको छ कि ? त्यहाँ संरक्षणका उल्लेख्य के कस्ता कार्यक्रमहरू छन् ?*

जीएसइएलपीको लक्ष्य अनुसार नेपालले ३ वटा भू-परिधि स्तरका क्षेत्रमा संरक्षण कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता गरेको छ । सोही प्रतिवद्धता अनुरूप नेपाल नै हिउँ चितुवा पाइने १२ वटा देशहरूमै पहिलो पटक नेपालको पूर्वी लामटाङ राष्ट्रिय निकुञ्ज देखि कञ्चनजंघा संरक्षण क्षेत्रसम्म फैलिएको हिउँ चितुवा संरक्षण भू-परिधिको क्लाइमेट स्मार्ट स्नो लेपर्ड म्यानेजमेन्ट प्लान सन् २०१७ मै बनाएर कार्यक्रम सञ्चालन गरिरहेको छ भने पश्चिम हिउँ चितुवा भू-परिधिको व्यवस्थापन योजना विभिन्न चरणमा छलफल भएर निर्माणको अन्तिम चरणमा छ । यस योजनाले भू-परिधि स्तर मा हिउँ चितुवाको संरक्षण, स्थानीय समुदायको आर्थिक उन्नति, जलवायु परिवर्तका कारण हिउँ चितुवाको वासस्थान र पारिस्थितिकिय प्रणालीमा पर्नसक्ने प्रभाव न्यूनीकरणका कार्यक्रमहरु समेटेको छ ।

*विभागसाग हिउँ चितुवामा आधारित पर्यटन सेवाको कुनै योजना/कार्यक्रम छ कि ?*

यस विभागबाट सरकारी कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रमै राखेर हिउँ चितुवामा आधारित पर्यटन विकासको छुट्टै कार्यक्रम नभएपनि हिउँ चितुवा पाईने संरक्षित क्षेत्र कार्यालयहरुले आफ्नो व्यवस्थापन योजनामा हिउँ चितुवा संरक्षणको कार्यक्रमलाई प्राथमिकिकरण गरेर हिउँ चितुवा संरक्षणलाई पर्यटन र आयआर्जनसंग जोड्ने प्रयास भने पक्कै भइरहेको छ । हाल हिउँ चितुवा संरक्षण कार्य योजना पुनरावलोकन गर्ने तयारी भइरहेको छ र परिमार्जित पञ्चवर्षीय कार्य योजनामा पनि हिउँ चितुवा संरक्षणको कामलाई स्थानीय पशुपालनमा आश्रित समुदायको जीविकोपार्जन र आयआर्जनसंग जोड्ने कार्यक्रम समेटिने अपेक्षा मैले गरेको छ ।

*हिउँ चितुवा वासस्थान क्षेत्रका पालिकाहरूसँग हिउँ चितुवा संरक्षणप्रति प्रतिवद्धता, योजना, कार्यक्रम र बजेटको अवस्था के कस्तो पाउनु भएको छ ? फिल्ड कार्यालयहरूले हिउँ चितुवा, यसका आहारा र बासस्थान संरक्षणका लागि स्थानीय पालिकाहरूसाग सहकार्य गरिरहेको अवस्था छ ? के यो जरूरी छ ?*

तपाईंले उठाउनु भएको यो विषय अत्यन्तै महत्वपूर्ण हो । प्रदेश र स्थानीय सरकारलाई पनि हिउँ चितुवा संरक्षणमा जिम्मेवार बनाउन र सहजिकरण गर्न अत्यन्तै जरुरी भइसकेको छ । नेपालको कुल हिउँ चितुवाको बासस्थानको ३० देखि ३५ प्रतिशत क्षेत्र अझै पनि संरक्षित क्षेत्र बाहिर अर्थात प्रदेश सरकार र स्थानीय तहको अधिकार रहेको क्षेत्रमा पर्छ । हिउँ चितुवाको दीगो संरक्षणका लागि संरक्षित क्षेत्र बाहिर को संख्यासँग मुख्य वासस्थान क्षेत्र (कोर एरिया) को हिउँ चितुवाको संख्याको भइरहेको सम्बन्ध (कनेक्टीभिटी) नटुट्ने गरी काम गर्न जरुरी छ । साथै, स्थानीय तहहरुले हिउँ चितुवामा आधारित पर्यटकीय पूर्वाधारमा लगानी गरेर आम्दानी गर्न सक्ने सम्भावना पनि छ ।

*हिउँ चितुवा बचाउन समुदायस्तरमा संरक्षण शिक्षा कार्यक्रमको सञ्चालन हुनु कत्तिको महत्वपूर्ण ठान्नुहुन्छ ? यो जरूरी छ भने विभागले यसको लागि के कस्तो योजना बनाएको छ ?*

समुदायमा आधारित संरक्षण शिक्षा कार्यक्रम हिउँ चितुवा संरक्षणको लागि अति नै महत्वपुर्ण कार्यक्रम हो । विद्यालय स्तरीय पाठ्यसामाग्री मै हिउँ चितुवा संरक्षण सम्बन्धी विषय र जानकारी समावेश हुनसके यसले संरक्षणमा स्थानीय अपनत्व बढाउन सक्छ । हाललाई सन्दर्भ सामग्रीका रुपमा विभाग आफैले हिउँ चितुवामा आधारित दुइवटा पुस्तकहरु प्रकाशन गरेको छ जसको प्रयोग मुस्ताङ र ताप्लेजुङका १२ वटा विद्यालयहरुका कक्षा ७ र ८ मा भइरहेको छ । साथै हिउँ चितुवामा आधारित जीविकोपार्जनका योजनाका बारेमा छलफल हुनु समेत उत्तिकै जरुरी छ ।



Photo :Anil Adhikari

## Dr.Tirtha Bahadur Shrestha

A leading authority on Nepal's biodiversity, especially on plant resources, Dr. Tirtha Bahadur Shrestha has devoted his entire life to the conservation of Nepal's flora, fauna, and ecosystems. He has worked for the Government of Nepal for 30 years and served as a Senior Scientist Officer (first class) in the Department of Forest. Dr. Shrestha served as the study team leader to establish the Makalu-Barun National Park. He helped the Government of Nepal to classify major forests as well as classify rare and endangered plant taxa across the country. Dr. Shrestha has authored more than 20 books and hundreds of articles, containing discoveries, concepts, and ideas. He is a life member of Nepal Academy.

## डा. तीर्थ बहादुर श्रेष्ठ

नेपालको जैविक विविधता र विशेषगरी वनस्पति स्रोतको अग्रणी व्यक्तित्व डा. तीर्थ बहादुर श्रेष्ठले आफ्नो पूरा जीवन नेपालको वनस्पति, जीवजन्तु र पर्यावरणको संरक्षणमा समर्पित गरेका छन् । उनले नेपाल सरकारमा ३० वर्ष सेवा गरेका छन् र वनस्पति विभागमा वरिष्ठ वैज्ञानिक अधिकृत (राजपत्राँकित प्रथम श्रेणी) का रुपमा काम गरेका छन् । डा. श्रेष्ठले मकालु वरूण राष्ट्रिय निकुञ्ज स्थापना गर्न बनेको अध्ययन् टोलीको नेतृत्व गरेका थिए । उनले नेपालको मुख्य वनहरूको वर्गिकरण गर्नुका साथै नेपालका दुर्लभ लोपोन्मुख बोटबिरूवा प्रजातिहरूको वर्गिकरणका लागि नेपाल सरकारलाई निरन्तर सघाएका छन् । डा. श्रेष्ठले नेपालको वनस्पतिका बारेमा २० भन्दा बढी पुस्तकहरु र सयौं लेखहरु प्रकाशित गरेका छन् । उनी नेपाल प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य हुन् ।

# Bhesraj Devoted **To Snow Leopard** Conservation in **Mustang**




Mr. Bhesraj Bastola, a teacher by profession, holds a deep passion for environment and wildlife conservation. For the past ten years he has volunteered as a Snow Leopard Scout coordinator in Mustang.

A permanent resident of Pokhara, Bhesraj has been teaching science and environment subjects to primary and classes 11 and 12 for the past 23 years at Janahit Secondary School in Jomsom. Apart from this, he also teaches reference books on environmental conservation 'Prakriti ko Sandesh,' published by the National Trust for Nature Conservation (NTNC)-Annapurna Conservation Area Project (ACAP), and Conservation Education books based on snow leopard conservation, published by the Department of National Parks and the Wildlife Conservation (DNPWC). These books have contributed significantly to raising public awareness on environmental and wildlife conservation in the region including snow leopard, says Bhesraj.

"Mustang is one of the districts with snow leopard habitat in Nepal. Besides school time, I am engaged in the activities related with snow leopard conservation; this is because of my passion with the species," says Bhesraj.

He has been playing an important role in the formation and mobilization of the snow leopard scouts committee by including students of the Greenforce Club, a student environmental group operating in the schools of Kagbeni, Lupra, Jomsom, Syang, Marpha, Kowang, and Ghasa. Bhesraj says the scout activities are mainly conducted with the aim of involving the students in snow leopard conservation, raising awareness, and helping them in their capacity enhancement.

He has gathered much experience with the Snow Leopard Scout's monitoring camps. The camps are conducted over three residential and one non-residential days in the prime habitats of snow leopard of Mustang,above 3500 meters. This camp is organized for the students of the local GreenForce Club, where the members of the working committee of the club, students of Grades 6, 7, and 8, participate. Students are taken to the prime habitat of snow leopard and shown various aspects of it. An art, essay, and story writing competition on snow leopard, its habitat, and its prey is organized among the students. They are taught about observation of snow leopard pugmarks, identification of snow leopard scat, and installation of camera traps, says Bhesraj.

Bhesraj is satisfied that the scientific knowledge about snow leopard is spreading in the community through the students of these camps. As it is the habitat of snow leopard, it is necessary to have such activities regularly here, he says.

# मुस्ताङमा हिउँ चितुवा जोगाउन लागिपरेका भेषराज



Photo : Anil Adhikari

भेषराज बास्तोला पेशाले शिक्षक हुन् तर उनको गाढा लगाव वातावरण र वन्यजन्तु संरक्षणमा छ । मुस्ताङमा उनी स्वेच्छिक रुपमा स्नो लेपर्ड स्काउट संयोजक भएर काम गर्न थालेको १० वर्ष भयो ।

पोखरा स्थायी घर भएका भेषराज जोमसोमस्थित जनहित मा.वि.मा विगत २३ वर्षदेखि आधारभूत र कक्षा ११ र १२ मा विज्ञान तथा वातावरण विषय पढाउँदै आइरहेका छन् । यस बाहेक उनी आधारभूत तहमा र ाष्ट्रिय प्रकृति संरक्षण कोष-अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले निर्माण गरेको वातावरण संरक्षण विषयक सन्दर्भ पुस्तकहरु 'प्रकृतिको सन्देश' र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले प्रकाशन गरेको हिउँ चितुवा संरक्षणमा आधारित 'संरक्षण शिक्षा' पुस्तकहरु पनि पढाउँछन् । 'यी पुस्तकहरूले यस क्षेत्रमा वातावरण, हिउँ चितुवा सहित वन्यजन्तु संरक्षणमा जनचेतना अभिवृद्धिमा उल्लेख्य योगदान दिंदै आएको छ', भेषराज भन्छन् ।

मुस्ताङ नेपालमा हिउँ चितुवाको वासस्थान भएको मध्येको एक जिल्ला हो । 'विद्यालयको समय बाहेक म हिउँ चितुवा संरक्षण गतिविधिमा संलग्न छु', भेषराज भन्छन्, 'यो हिउँ चितुवाप्रति बढी लगाव भएर नि हो ।'

भेषराजले मुस्ताङको कागबेनी, लुप्रा, जोमसोम, स्याङ, मार्फा, कोवाङ र घाँसाका विद्यालयहरूमा सञ्चालित विद्यार्थी वातावरण समूह 'ग्रीनफोर्स क्लब' का विद्यार्थीहरुलाई समेटेर स्नो लेपर्ड स्काउट समिति गठन र परिचालन गर्न महत्वपूर्ण भूमिका निर्वाह गारिरहेका छन् । 'स्काउट गतिविधि मुख्य गरी विद्यार्थीहरुलाई हिउँ चितुवा संरक्षणमा सहभागी गराउने, चेतना अभिवृद्धि गर्ने र क्षमता अभिवृद्धि गर्न सघाउने उद्देश्यले गरिएको छ', भेषराज भन्छन् ।

भेषराजले हिउँ चितुवा स्काउट अनुगमन शिविरहरूको थुप्रै अनुभवहरु बटुलेका छन् । त्यस्ता शिविरहरु मुस्ताङको हिउँ चितुवाको मुख्य वासस्थानहरु खासगरि ३५०० मिटरमाथि ३ दिने आवासीय र १ दिने गैरआवासीय सञ्चालन हुने गरेका छन् । 'यस्तो शिविर स्थानीय ग्रिनफोर्स क्लबका विद्यार्थीहरुलाई लक्षित गरी आयोजना गरिन्छ जहाँ ग्रिनफोर्स क्लबका कार्यसमितिका सदस्य ६, ७ र ८ का विद्यार्थीहरु सहभागी हुन्छन् । 'विद्यार्थीहरुलाई हिउँ चितुवाको वासस्थानमै लगेर हिउँ चितुवाका बारेमा अभिमुखिकरण गरिन्छ । उनीहरुलाई हिउँ चितुवा, यसको वासस्थान र आहारा विषयक चित्रकला, निबन्ध र कथा प्रतियोगिता आयोजना गरिन्छ । शिविरमा हिउँ चितुवाको पदचिन्ह अवलोकन, हिउँ चितुवाको दिसा (स्क्याट) चिनाउने, क्यामरा ट्र्याप राख्ने तरिका सिकाइन्छ', भेषराज भन्छन् ।

हिउँ चितुवा सम्बन्धी वैज्ञानिक ज्ञान यस्तो खाले शिविरहरूबाट विद्यार्थीहरुको माध्यमबाट समुदायमा प्रसार भइरहेकोमा भेषराज सन्तुष्ट छन् । 'हिउँ चितुवाको वासस्थान भएकोले यहाँ यस्तो गतिविधि नियमित हुनु जरुरी छ', उनी भन्छन् ।

# Snow Leopard Conservancy (SLC) Focuses on the Five Priority Areas for Protecting Snow Leopards


Photo Source : Ashleigh Lutz-Nelson

Ashleigh Lutz-Nelson is the newly appointed executive director of Snow Leopard Conservancy (SLC). She joined SLC in 2020, Ashleigh had 18 years of experience working in wildlife conservation. A native Floridian, she received a bachelor's degree from the University of Florida in zoology. After graduating, Ashleigh found her passion working with big cats at Busch Gardens and specializing with the Felid Taxon Advisory Group to advance the care, conservation, and management of all wild cats in AZA-accredited zoos. She received her master's degree from the Royal Veterinary College and Zoological Society of London in wild animal biology. Ashleigh is leading a collaborative pilot initiative in Nepal to improve livestock health and herder livelihoods and reduce retaliatory killings of snow leopards related to livestock depredation. She shared her opinion on snow leopard conservation with Anil Adhikari, an editorial team member of Snow Leopard Magazine.

**Congratulations for the new role as executive director at Snow Leopard Conservancy**

Thank you! I am humbled and honored to work alongside so many passionate and dedicated wildlife conservationists. Protecting our precious earth, all its inhabitants, and vital natural resources requires everyone and their unique talents. We all must work together, support each other and act now.

**Where do you envision SLC will be in 5 years?**

Over the last two decades, SLC has built a foundation of groundbreaking snow leopard conservation initiatives, including pioneering innovative techniques in human-wildlife coexistence and empowering local Indigenous leaders and communities to be the frontline guardians in protecting wildlife and their shared environment. SLC's holistic approach considers the complex dynamics of human-wildlife dimensions, addressing root causes of



Photo Source :Ashleigh Lutz-Nelson

**Snow Leopard Conservancy Has New Leadership**

US-based non-profit organization, Snow Leopard Conservancy (SLC) has changed its leadership portfolio.

Ms. Ashleigh Lutz-Nelson has been selected as the SLC's incoming executive director. Before joining SLC's team in April 2020 as the vice president, Ashleigh held leadership roles with AZA-accredited Zoos and with the FelidTaxon Advisory Group, leading wild cat health, welfare, and conservation initiatives.

As Conservancy Founder Dr. Rodney Jackson steps away from the day-to-day operations, he will be taking a new role as president of the board of directors, focusing on special projects and fundraising, and helping the executive director and SLC's board further elevate SLC's profile as an innovative leader in the conservation of snow leopards and advancement of community livelihoods. Mr. Raja Bhadury is the incoming vice president of the board of directors and will be supporting this leadership transition. Ms. Caroline Gable of Shared Earth Foundation has served as board president since SLC's inception in 2010 and will remain on the Board.

conservation challenges to facilitate lasting solutions that benefit both snow leopards and people.

The present moment provides both a challenge and an opportunity; we are living in a pivotal time in human history, which is changing rapidly. This begs the opportunity for each of us to take some time to reimagine what the future can be. While there are significant challenges we face yet, I do see a very bright future ahead.

First, we must recognize the interconnection and interdependence of all life on earth and deepen the integration of what we value most in everyday practice. For me, that is elevating the value of all life, animals, humans, and living natural resources. Therefore, we should realign wildlife conservation goals among other sustainable development goals at the same level of priority in large scale conservation planning and action. Second, we should use a One Health approach to conservation, emphasizing the importance of human health, animal health, and ecosystem health. If we move forward in this one way, I believe we can improve the health and wellbeing of all life on earth. Lastly, I think, we need to take care of each other and learn from each other through connection, bridging local communities to global communities, to meet our greater conservation goals.

I intend to honor the vision of SLC's founders, Dr. Rodney Jackson and Darla Hillard, who have worked tirelessly for over the last four decades in promoting harmonized coexistence for snow leopards and mountain communities. I would like to enhance this by building upon collaborative efforts to improve animal health and welfare, including both domestic animals and wild animals, and focus more on prevention of human-wildlife conflict and community-led conservation initiatives. I would also like to foster greater collaboration among snow leopard conservation practitioners range wide working in human-wildlife coexistence through more sharing of best practice conflict mitigation techniques, educational, spiritual, and cultural initiatives, ensuring equity in representation of local voices living with snow leopards.

**What is the most challenging part for Snow leopard conservation and how do you plan to handle it?**

There are so many priorities in snow leopard conservation making overall organization challenging as well as financing each of these conservation initiatives. For example, we have immediate threats to snow leopard lives, such as human-wildlife conflict and poaching and longer-term threats, such as unsustainable development and climate change. It can be daunting to approach the entirety of the challenge, but fortunately we have many snow leopard conservation organizations working on these goals under Global Snow Leopard and Ecosystem Protection Program (GSLEP) initiatives. I am looking forward to working together with these organizations to prioritize activities and secure large-scale financing to tackle this very complex issue using a 360-degree approach.

**What are the five highest priority areas to protect the snow leopard?**

SLC focuses on the five priority areas for protecting snow leopards, targeted mostly at the community level for local people living with snow leopards.

Human-Wildlife Conflict Prevention & Mitigation – Facilitation of predator deterrent tools (e.g., Foxlights, solar fences, livestock-safe corrals) and instruction to reduce livestock depredation, thereby building coexistence between herders, snow leopards, and other predators, such as wolves. This includes developing innovative, cost-effective techniques that are accessible and scalable in these remote areas.

Conservation Education– Facilitation of environmental and conservation education emphasizing the ecological significance of snow leopards and how to preserve and protect them aimed at children, adults, parents, community members, herders, and local and governmental officials in both rural and urban settings. Mentoring the next generation of local conservation leaders is critical to create lasting change and sustain snow leopard conservation in the long term.

Diversified sustainable livelihoods that save snow leopards – We practice elements of Appreciative Participatory Planning and Action (APPA) planning with villagers to help identify opportunities for community-led solutions that align the protection of snow leopards with conservation-linked local livelihoods.

Traditional Cultures & Sacred Species – SLC facilitates the 100 + member Land of Snow Leopard (LOSL) Network across five regions of Central Asia. LOSL creates pathways for Indigenous Cultural Practitioners to be equal partners in planning at all levels and in community snow leopard conservation and education programs.

Collaboration, Capacity Building, & Advocacy – Working together with the Global Snow Leopard and Ecosystem Protection Program (GSLEP) and other governmental and nongovernmental organizations active in snow leopard conservation, we can align our priorities and secure large-scale conservation financing. SLC can help strengthen local institutions and resource allocation for targeted conservation initiatives at the community level which could make a big difference at the most local level for herders and snow leopards. We can also help identify areas of opportunity for capacity building with governmental and nongovernmental organizations and independent conservation practitioners working at the mid-level to ensure they have the resources that they need to work effectively between both levels.

**Do you think livestock insurance is an important factor to reduce livestock depredation caused by snow leopard and wolves?**

Yes, livestock insurance can be very effective to offset financial losses from livestock depredation to supplement government compensation assistance programs. However, it does not address the root cause of the threat to livestock, herders' primary livelihood, and could still perpetuate potential conflict. I would like to see the emphasis be placed more on prevention through techniques that focus on keeping both livestock and predators safe, not just compensation or insurance as a reaction to losses or conflict.

**One Health Approach**

One health is a collaborative, multisectoral, and transdisciplinary approach-working at the local, regional, national, and global levels-with the goal of achieving optimal health outcomes recognizing the interconnection between people, animals, plants, and their shared environment.

**What should be your strategy to collaborate with the local Nepalese government in community-based snow leopard conservation initiatives?**


We are collaborating with rural municipalities to help increase targeted resources to community members for supporting snow leopard conservation initiatives. By helping facilitate the strengthening of local institutional capacity and promoting more collaboration between organizations working in wildlife conservation and animal/ public health and natural resource management, we may be able to create a better way forward that is more equitable, resilient, and sustainable for us all.

**What should be done to reduce the killing of snow leopards? Can SLC play any supporting role to initiate a snow leopard census that most of the snow leopard range countries have not executed so far except Bhutan and India? Do you think this is important to snow leopard conservation?**

As one of the partner organizations of the Global Snow Leopard Ecosystem and Ecosystem Protection Program (GSLEP), Snow Leopard Conservancy supports researchers and conservation practitioners protecting snow leopards, from each individual cat to the population as a whole. GSLEP has endorsed a standard methodology to do this through the Population Assessment of the World's Snow leopards (PAWS), using camera trap technology. This method, used in combination with genetic sampling from DNA scat analysis, would allow for the most accurate census.

SLC is focusing on saving snow leopard lives from conflict with herders over livestock depredation and promoting compassionate coexistence among communities living with snow leopards, wolves, and wild herbivores. One solution could be to recruit passionate local citizen scientists that can be trained to monitor wildlife and participate in the PAWS. In communities where SLC partners work, when we see snow leopard mothers with multiple healthy subadult cubs thriving and an adequate prey base living peacefully with communities who tolerate their presence, we see that as a good indicator as well.

# हिउँ चितुवाको संरक्षण गर्न एसएलसीले पाँच प्राथमिकता क्षेत्रहरूमा ध्यान दिन्छ


Photo Source: Ashleigh Lutz-Nelson

एश्ली लुत्ज-नेल्सन स्नो लेपर्ड कन्जरभेन्सी (एसएलसी) को नयाँ नियुक्त कार्यकारी निर्देशक हुन् । उनी २०२० मा एसएलसीसँग आवद्ध भएकी हुन् । एश्लीसँग वन्यजन्तु संरक्षण क्षेत्रमा काम गरेको १८ वर्षको अनुभव छ । उनले फ्लोरिडा विश्वविद्यालयबाट प्राणीशास्त्रमा स्नातक गरेकी छिन् । स्नातक गरिसकेपछि एश्लीले बुश गार्डेनमा जङ्गली बिरालोहरूबारे काम गर्दा त्यस कामप्रति तीव्र जोश र उत्साह भेटाइन् र एजेडए – मान्यता प्राप्त चिडियाखानाहरूमा जङ्गली बिरालोहरूको हेरचाह संरक्षण र व्यवस्थापनलाई अगाडि बढाउन फेलिड ट्याक्सन सल्लाहकार समूहसँग विशेषज्ञता हासिल गरिन् । उनले रोयल भेटेरिनरी कलेज र लन्डनको जुलोजिकल सोसाइटीबाट जङ्गली जन्तु सम्बन्धी जीवविज्ञानमा स्नातकोत्तर गरिन् । एश्ली हाल नेपालमा पशुधनको स्वास्थ्य र गोठालाहरूको जीविकोपार्जन सुधार गर्न तथा पशुधनको नोक्सानीसँग सम्बन्धित हिउँ चितुवाको प्रतिशोधात्मक बधलाई कम गर्न सहयोगात्मक कार्यको नेतृत्व गरिरहेकी छिन् । उनले हिउँ चितुवा संरक्षण कार्यको बारेमा आफ्नो विचार हिउँ चितुवा पत्रिकाको सम्पादकीय टोली सदस्य अनिल अधिकारीलाई साझा गरेकी छिन् ।

*एसएलसीको कार्यकारि निर्देशकको नयाँ भूमिकाको लागि बधाई छ !*

धन्यवाद ! म यति धेरै जोसिला र समर्पित वन्यजन्तु संरक्षणकर्मीहरूसँग काम गर्न पाउँदा सम्मानित महसुस गरिरहेकी छु । हाम्रो बहुमूल्य पृथ्वी, यसका सबै बासिन्दाहरु र महत्ववपूर्ण प्राकृतिक स्रोतहरूको संरक्षण गर्न सबैजना र उनीहरूको अद्वितीय प्रतिभाहरु चाहिन्छ । हामी सबै मिलेर काम गर्नुपर्छ, एकअर्कालाई समर्थन गर्नुपर्छ र अब ठोस कदम चाल्नुपर्छ ।

*अबको ५ वर्षमा एसएलसीलाई कसरी लग्ने सोच्नु भएको छ ?*

विगत दुई दशकहरुमा, एसएलसीले मानव र वन्यजन्तुको सह-अस्तित्वमा नयाँ प्रविधिहरु अपनाउने तथा वन्यजन्तु र तिनीहरूको साझा वातावरणको संरक्षणमा अग्रपंक्तिमा संरक्षक बन्न स्थानीय आदिवासी मुखियाहरु र समुदायहरूलाई सशक्त बनाउने लगायतका हिउँ चितुवा संरक्षण पहलहरूको आधारशीला निर्माण गरेको छ । एसएलसीको समग्र दृष्टिकोणले मानव-वन्यजन्तु आयामहरूको जटिल गतिशीलतालाई विचार गर्दछ साथसाथै संरक्षण चुनौतीहरूको मूल कारणहरूलाई सम्बोधन गर्दै हिउँ चितुवा र मानिसहरु दुवैलाई फाइदा पुग्ने दिगो समाधानहरूको सुविधा प्रदान गर्दछ ।

अहिले भइरहेको क्षणले चुनौती र अवसर दुवै प्रदान गर्दछ । त्यो के भने, हामी मानव इतिहासको एक निर्णायक समयमा बाँचिरहेका छौं, जुन द्रुत रुपमा परिवर्तन हुँदैछ । यसले हामी प्रत्येकलाई भविष्य कस्तो हुन सक्छ भनेर पुनः कल्पना गर्न केही समय निकाल्ने अवसरको माग गर्दछ ।

पहिलो, हामीले पृथ्वीमा भएका सबै जीवहरूको अन्तरसम्बन्ध तथा अन्तरनिर्भरताको पहिचान गर्नुपर्दछ र दैनिक व्यवहारमा हामीलाई मूल्यवान् लाग्ने कुराहरूलाई मजबुत बनाउनुपर्दछ । मेरो लागि, सबै जीवन, जनावर, मानव र जीवित प्राकृतिक स्रोतहरूको मूल्यलाई माथि उठाउनु भनेको त्यहि नै हो । तसर्थ, हामीले वन्यजन्तु संरक्षणका लक्ष्यहरूलाई अन्य दिगो विकास लक्ष्यहरुसँगै ठूला

स्तरका संरक्षण योजना र कार्यमा उही प्राथमिकताको स्तरमा पुनर्संरचना गर्नुपर्छ । दोस्रो, हामीले मानव स्वास्थ्य, पशु स्वास्थ्य र पर्यावरण स्वास्थ को महत्वलाई जोड दिँदै संरक्षणको लागि एक-स्वास्थ्य दृष्टिकोणको प्रयोग गर्नुपर्छ । यदि हामी एकै तरिकामा अगाडि बढ्यौं भने, हामी पृथ्वीमा सबै जीवनको स्वास्थ्य र कल्याण सुधार गर्न सक्छौं भनेर मलाई विश्वास छ । अन्तमा, हाम्रा वृहत्तर संरक्षणका लक्ष्यहरू पूरा गर्न हामीले स्थानीय समुदायहरूलाई विश्वव्यापी समुदायहरूसँग जोड्दै एकअर्काको ख्याल राख्नुपर्छ र सम्बन्धहरूको माध्यमबाट एकअर्काबाट सिक्नुपर्छ ।

*एक स्वास्थ्य अवधारणा*

एक स्वास्थ सहयोगात्मक, बहुक्षेत्रीय र एकभन्दा बढी ज्ञानको प्रसार गर्ने एउटा अवधारणा हो जसले स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा काम गर्दै मानव, पशुपन्छी, बोटबिरुवा र उनीहरूबीचको अन्तर्सम्बन्ध र उनीहरूले साझा गरेको वातावरणको पहिचान गर्दै अधिकतम उपलब्धी हासिल गर्ने लक्ष्य राख्दछ ।

म एसएलसीका संस्थापकहरू डा. रड्नी ज्याक्सन र डार्ला हिलार्डले हिउँ चितुवा र हिमाली समुदायहरूको सामंजस्यपूर्ण सहअस्तित्वलाई प्रवर्द्धन गर्न विगत चार दशकदेखि गरेको अथक प्रयासलाई सम्मान गर्न चाहन्छु । म यसलाई बढाउँदै घरपालुवा गाइवस्तु र वन्यजन्तु दुवैको पशु स्वास्थ्य र कल्याणलाई दयायूक्त भावनाले सुधार गर्न सहयोगी प्रयासहरू निर्माण गर्दै मानव-वन्यजन्तु द्वन्द्वको रोकथाम र समुदायमा आधारित संरक्षण क्रियाकलापहरूमा थप केन्द्रित रहन चाहन्छु । म मानव-वन्यजन्तु सहअस्तित्वमा द्वन्द्व न्यूनीकरण प्रविधिहरूका उत्कृष्ट अभ्यासहरू, शैक्षिक, आध्यात्मिक र सांस्कृतिक पहलहरूको अधिक साझेदारीको माध्यमबाट हिउँ चितुवासँग एउटै वासस्थान साझा गरी बस्ने स्थानीय आवाजहरूको प्रतिनिधित्वमा समानता सुनिश्चित गर्दै हिउँ चितुवा संरक्षण अभ्यासकर्ताहरू बीच व्यापक सहकार्यलाई बढावा दिन चाहन्छु ।

*हिउँ चितुवा संरक्षणको लागि सबैभन्दा चुनौतीपूर्ण पक्ष के हो ? र तपाईंले यसलाई कसरी सम्हाल्ने योजना बनाउनुभएको छ ?*

हिउँ चितुवा संरक्षणमा धेरै प्राथमिकताहरू छन् जसले समग्र संगठन तथा प्रत्येक संरक्षण पहलहरूलाई वित्तपोषण गर्न चुनौतीपूर्ण बनाउँछ । उदाहरणका लागि, मानव-वन्यजन्तु द्वन्द्व र चोरी शिकारजस्ता हिउँ चितुवाको जीवनलाई संकटमा पार्ने तत्कालका खतराहरूका अलावा विकास तथा जलवायु परिवर्तन जस्ता दीर्घकालीन खतराहरू पनि हामीसँग छन् । सम्पूर्ण रूपमा चुनौतीको सामना गर्न कठिन हुन सक्छ, तर भाग्यवश हामीसँग ग्लोबल स्नो लेपर्ड इकोसिस्टम एण्ड प्रोटेक्शन प्रोग्राम

(जीएसएलइपी) अन्तर्गत यी लक्ष्यहरूमा काम गर्ने हिउँ चितुवा संरक्षणमूलक संस्थाहरू धेरै छन् । म यी संस्थाहरूसँग ३६०-डिग्री दृष्टिकोण प्रयोग गरी आवश्यक गतिविधिहरूलाई प्राथमिकता दिन र ठूला-ठूला आर्थिक सहयोग सुरक्षित गरी यी धेरै जटिल मुद्दाहरूलाई सम्बोधन गर्ने काम गर्न तत्पर छु ।

*हिउँ चितुवा संरक्षणका लागि उच्च प्राथमिकताका पाँच क्षेत्रहरू के के हुन्?*

एसएलसी हिउँ चितुवाको सुरक्षाका लागि पाँच प्राथमिकताका क्षेत्रहरूमा केन्द्रित छ, जुन मुख्यतया सामुदायिक स्तरमा हिउँ चितुवासँग बस्ने स्थानीय मानिसहरूलाई लक्षित गरिएका छन् ।

मानव-वन्यजन्तु द्वन्द्व रोकथाम र न्यूनीकरण - सिकारी वन्यजन्तु प्रतिरोधक उपकरणहरूको सुविधा (जस्तै, फक्सलाइट, सौर्य तारबार,

Photo Source : Ashleigh Lutz-Nelson



## स्नो लेपर्ड कन्जरभेन्सीले पायो नयाँ नेतृत्व

अमेरिकास्थित गैरसरकारी संस्था स्नो लेपर्ड कन्जरभेन्सी (एसएलसी) ले आफ्नो नेतृत्व परिवर्तन गरेको छ ।

एसएलसीको नयाँ कार्यकारी निर्देशकमा यश्ली लुत्ज;-नेल्सन चयन भएकी छिन् । एसएलसीमा २०७६ को चैत्रमा प्रवेश गर्नुअघि यश्लीले एजेडए-मान्यता प्राप्त जेडओएस र फेलिड ट्याक्सोनोमिक एड्भाइजरी ग्रुप (बिराला प्रजातिको वर्गिकरण सम्बन्धी अध्ययन् गर्ने सल्लाहकार समूह) सँग जंगली बिरालो जातिको स्वास्थ्य, कल्याण र संरक्षणको क्षेत्रमा काम गरिसकेकी छिन् ।

एसएलसीका संस्थापक रड्नी ज्याक्सनले दैनिक कामकाजबाट बिदा लिँदै बोर्डको प्रमुखको रुपमा काम गर्नेछन् । उनले विशेष आयोजनाहरू र आर्थिक संकलनका क्षेत्रमा काम गर्नेछन् । साथै, एसएलसीको उन्नति लगायत हिउँ चितुवा संरक्षणको क्षेत्रमा अझै परिस्कृत नेतृत्वदायी भूमिका वृद्धि गर्न निर्देशक बोर्डलाई सघाउने र सामुदायिक जीविकोपार्जन उत्थानमा पनि उनको योगदान रहने छ । श्री राजा भादुडी निर्देशक मण्डलका उपाध्यक्ष हुन् । र उनले यो नेतृत्व परिवर्तनलाई सहयोग गर्नेछन् । शेयर अर्थ फाउण्डेसनकी सुश्री क्यारोलिन जैबलले २०६७ सालदेखि २०७८ सम्म एसएलसीको सभापतिको हैसियतले काम गरिन् । उनी हाल एसएलसी बोर्डकी दृष्टी हुन् ।

पत्रिकाको सम्पादक मण्डल नवनियुक्त सदस्यहरूलाई बधाई एवं शुभकामना व्यक्त गर्दछ ।

पशुधन सुरक्षित खोरहरू) र पशुधन ह्रास कम गर्न निर्देशन जसले गोठाला, हिउँ चितुवा र अन्य शिकारी जस्तै ब्वाँसो बीच सहअस्तित्व निर्माण गर्दछ । यसमा यी दुर्गम क्षेत्रहरूमा पहुँचयोग्य र मापन योग्य नवीन, लागत-प्रभावी प्रविधिहरू विकास गर्ने कार्य समावेश छन् ।

संरक्षण शिक्षा - हिउँ चितुवाको जैविक महत्व तथा ग्रामीण र शहरी दुवै परिवेशहरूमा बालबालिका, वयस्क, अभिभावक, समुदायका सदस्यहरू, गोठाला तथा स्थानीय र सरकारी अधिकारीहरूलाई लक्षित गरी उनीहरूलाई कसरी संरक्षण गर्ने र जोगाउने भन्ने कुरामा जोड दिने वातावरणीय र संरक्षण शिक्षाको सहजीकरण । स्थानीय संरक्षण अगुवाहरूको आगामी पुस्ताहरूलाई उचित सल्लाह दिने काम दिगो परिवर्तन सिर्जना गर्न र हिउँ चितुवा संरक्षणलाई दीर्घकालीन रूपमा दिगो बनाउनको लागि महत्वपूर्ण छ ।

विविधतापूर्ण दिगो जीविकोपार्जन जसले हिउँ चितुवालाई बचाउँदछ - हामी गाउँलेहरूसँग मिलेर प्रशंसनीय सहभागितामूलक योजना र कार्य (अप्पा) को अभ्यास गर्दछौं । यो समुदायमा आधारित समाधानका अवसरहरुको  पहिचान गर्नको लागि हो जो हिउँ चितुवा संरक्षणलाई संरक्षणसँग जोडिएका स्थानीय जीविकोपार्जनसँग जोड्न मद्दत गर्दछ ।

परम्परागत संस्कृति र पवित्र प्रजातिहरू - एसएलसीले मध्य एशियाका पाँच क्षेत्रहरूमा १०० भन्दा बढी  सदस्य भएको ल्यान्ड अफ स्नो लेपर्ड (एलओएसएल) सञ्जालको सहजीकरण गर्दछ  । एलओएसएलले आदिवासी साँस्कृतिक अभ्यासकर्ताहरूलाई सबै तहमा योजना बनाउँदा र सामुदायिक स्तरीय हिउँ चितुवा संरक्षण र शिक्षा कार्यक्रमहरूमा समान साझेदारिताका लागि मार्गहरू सिर्जना गर्दछ ।

सहयोग, क्षमता निर्माण र वकालत - ग्लोबल स्नो लेपर्ड एण्ड इको सिस्टम प्रोटेक्शन प्रोग्राम (जीएसएलइपी) र हिउँ चितुवा संरक्षणमा सक्रिय अन्य सरकारी र गैरसरकारी संस्थाहरूसँग मिलेर काम गर्दै, हामी हाम्रा प्राथमिकताहरू पङ्क्तिबद्ध गर्न र ठूलो मात्रामा संरक्षणका लागी वित्तिय सहयोग सुरक्षित गर्न सक्छौं । एसएलसीले स्थानीय संस्थाहरूलाई बलियो बनाउन र समुदाय-स्तरमा लक्षित संरक्षण कार्यक्रमहरूको लागि स्रोत विनियोजन गर्न मद्दत गर्न सक्छ जसले गोठालाहरू र हिउँ चितुवाहरूका लागि स्थानीय स्तरमा ठूलो फरक पार्न सक्छ । हामी मध्य-स्तरमा काम गरिरहेका सरकारी, गैरसरकारी संस्थाहरू र स्वतन्त्र संरक्षणकर्मीलाई उनीहरूको क्षमता निर्माणका लागि अवसरका क्षेत्रहरू पहिचान गर्न र उनीहरूसँग दुवै तहका बीच प्रभावकारी रूपमा काम गर्न आवश्यक पर्ने स्रोतहरू छन् कि छैनन् भन्ने सुनिश्चित गर्न सहयोग गर्न सक्छौं ।

*के तपाईंलाई  हिउँ चितुवा र ब्वाँसोका कारण हुने पशुधन क्षतिलाई कम गर्न पशु बीमा महत्वपूर्ण कारक हो जस्तो लाग्छ ?*

हो, पशुधन ह्रासबाट हुने आर्थिक घाटा पूर्ति गर्नको लागि सरकारी क्षतिपूर्ति सहयोग कार्यक्रमहरूको पूरकको रूपमा पशुधन बीमा धेरै प्रभावकारी हुन सक्छ । यद्यपि, यसले पशुधन र गोठालाहरूको प्राथमिक जीविकाप्रति खतराको मूल कारणलाई सम्बोधन गर्दैन र अझै पनि सम्भावित द्वन्द्वलाई निरन्तरता दिन सक्छ । हानि वा द्वन्द्वको प्रतिक्रियाको रूपमा क्षतिपूर्ति वा बीमा मात्र नभई पशुधन र सिकारी वन्यजन्तु दुवैलाई सुरक्षित राख्ने प्रविधिहरू मार्फत रोकथाममा थप जोड दिइएको देख्न चाहन्छु ।

*समुदायमा आधारित हिउँ चितुवा संरक्षण पहलमा स्थानीय नेपाल सरकारसँग सहकार्य गर्न तपाईंको रणनीति के हुनुपर्छ ?*

हामी हिउँ चितुवा संरक्षण पहलहरूलाई समर्थन गर्नको लागी समुदायका सदस्यहरूलाई लक्षित स्रोतहरू बढाउन मद्दत गर्न गाउँपालिकाहरूसँग सहकार्य गर्दैछौं । स्थानीय संस्थागत क्षमताको सुदृढीकरण र वन्यजन्तु संरक्षण, पशु/जनस्वास्थ्य र प्राकृतिक स्रोत व्यवस्थापनमा काम गर्ने संस्थाहरू बीच थप सहकार्यलाई प्रवर्द्धन गर्न मद्दत गरेर, हामी सबैका लागि थप समतामूलक, उत्थानशील र दिगो हुने राम्रो बाटो सिर्जना गर्न सक्षम हुन सक्छौं ।

*हिउँ चितुवा मार्ने कार्य  न्यूनीकरण गर्न के गर्नुपर्छ ? भुटान र भारत बाहेक अधिकांश हिउँ चितुवा पाइने देशहरूले अहिलेसम्म कार्यान्वयन नगरेको हिउँ चितुवा गणना सुरु गर्न एसएलसीले कुनै सहयोगी भूमिका खेल्न सक्छ ?*

*के तपाईंलाई हिउँ चितुवा संरक्षणको लागि यो महत्त्वपूर्ण छ जस्तो लाग्छ?*

ग्लोबल स्नो लेपर्ड एण्ड इकोसिस्टम प्रोटेक्शन प्रोग्राम (जीएसएलईपी) को एक साझेदार संस्थाको रूपमा, एसएलसीले प्रत्येक बिरालोदेखि सम्पूर्ण प्रजातिसम्म हिउँ चितुवा संरक्षण गर्ने अनुसन्धानकर्ताहरू र संरक्षणकर्मीहरूलाई समर्थन गर्दछ । जी एसएलईपीले क्यामेरा ट्र्याप प्रविधि प्रयोग गरी विश्वको हिउँ चितुवाहरूको संख्या निर्धारण (पीएडब्लुएस) पहल मार्फत यो गर्नको लागि एक मानक पद्धतिलाई समर्थन गरेको छ । हिउँ चितुवाको दिसाको डीएनए विश्लेषणबाट आनुवंशिक नमूनासँगको संयोजन प्रयोग हुने यो विधि, सबैभन्दा ठीक गणना  पद्धति हुनेछ ।

एसएलसी हिउँ चितुवाको जीवनलाई पशुधन क्षतिको कारणबाट हुने गोठालाहरूसँगको द्वन्द्वबाट बचाउन र हिउँ चितुवा, ब्वाँसो र जंगली शाकाहारी जन्तुहरूसँग बस्ने समुदायहरू बीच आरामदायक सह-अस्तित्व प्रवर्द्धन गर्न केन्द्रित छ । वन्यजन्तुको अनुगमन गर्न तालिम दिन सकिने र विश्वको हिउँ चितुवाहरूको संख्या निर्धारण पहलमा सहभागी हुन सक्ने जोशीला स्थानीय नागरिक अन्वेषक (सिटिजन साइन्टिष्ट) हरु भर्ती गर्नु एउटा समाधान हुन सक्छ । एसएलसीका साझेदारहरुले काम गर्ने समुदायहरूमा जब हामीले शान्तिपूर्ण रूपमा बसेको माउ हिउँ चितुवा सँगै धेरै स्वस्थ पूर्ण वयस्क नभैसकेका डमरुहरु र पर्याप्त शिकार आधार देख्छौं र यिनको उपस्थितिलाई समुदायहरूले पनि सहिरहेका छन्, तब हामी यसलाई राम्रो सूचकको रूपमा पनि देख्छौं ।




Photo: Om Gurung/ACAP-Manang

– Om Gurung

# The Unforgettable snow leopard Captured in Manang

On September 17, 2014, during the snow leopard research that Madhu Chetri was doing for his PhD, we camped at Lepche Kharka in Manang. Sudip Adhikari (former office-in-charge at ACAP-Manang, a young local herder, and myself, were on the team. It was 4 pm; we were divided in two teams, Sudip and me, and the other Madhu Chhetri and the local herder. While leaving the camp, we planned to meet at a certain location after circling the hills.

Sudip and I were walking together. The dense fog caused by continuous rain into the afternoon the previous day made it difficult to see even close-up. It was already 6 pm. However, as the fog slowly cleared, it seemed to get bright. Sudip wanted to go back, but I told him that we ought to go a little higher. After he handed me his camera, he moved straight and instructed me to head upward and move towards him.

I moved on. Slowly the clouds parted, and it was brighter. At 200 meters I saw a snow leopard shaking its head. Vultures were seen a little higher. It really was a snow leopard. It had just hunted a blue sheep and was holding it by the neck. The snow leopard was at about 4800 meters. "What luck, now I can take photos" I was thinking in my mind with joy. I moved a bit ahead, but the snow leopard suddenly came towards me from 200 meters away. I clicked the photographs continuously. It stopped and stood still. I was looking at him from the lower terrace. The distance between us was just 2 meters, and then I felt that it might attack.

I moved back slowly, because it is said that one should take 1-2 steps back when a tiger is encountered at close distance. It was standing still. I shouted saying, "Sudip sir", and went down around 50 meters and ran. Looking backward, snapping photographs and running downwards, I arrived at the tented camp set at 4000 meters and told the story that I witnessed to my colleagues. I showed Madhu sir, the images of the snow leopard I caught on camera. We planned to go back to the same place the next morning and then slept.

The next morning at 3:00 am, Dr. Chetri, Sudip and I were going to the site where the snow leopard had killed the blue sheep. It was not possible to hide ourselves and take photographs due to low fog. We saw an animal walking from a distance but could not ascertain whether it was a snow leopard, fox, or a wolf. We placed two camera traps facing towards the carcass. Dr. Chetri went to one side, Sudeep went to the upper terrace, and I stayed in the lower terrace. It was still early morning, and we gathered at one place. It was frigid, so I told them I would return to the camp and sleep. Both Madhu and Sudeep stayed at a distance and chased away those vultures. But they did not see the snow leopard. I again joined the team around 3:00 pm.

Dr. Madhu Chhetri said that the snow leopard will not come and to take out the cameras and return to the camp. We took off the cameras, went back to the camp, and checked the memory card. While checking the images on our laptop, we could only see the vultures. However, at the end, a snow leopard was seen feeding on the carcass. While they were sitting on the cliff, the snow leopard came and fed but went unnoticed.

I requested Dr. Madhu Chhetrito revisit the place the next day. We visited the carcass site from a different route, but there was no carcass at the site. A little further, the snow leopard was lying on the ground. We started watching him from a rock crevice lying about 100 meters away. We noticed the carcass was just below the terrace in which we were lying. I wondered how the leopard recognized our movements. It stood up and started staring at us. I was seeing it with my naked eyes, however, could not see it with the camera. Dr. Chetri videographed shot video.

But I am very upset that I was not able to shoot video at that time.

I consider that closeup picture of the snow leopard as my achievement in the field of conservation.

(This composition was prepared by Anil Adhikari on the basis of the audio recording of the conversation Naresh Kusi and Savita Gurung had with Om Gurung in Manang)

- ओम गुरुङ

# मनाङमाको खिचिएको
# त्यो अविस्मरणीय हिउँ चितुवा !


Photo: Om Gurung/ACAP-Manang

२०७१ सालको असोज १ गतेको दिन मधु क्षेत्रीले आफ्नो विद्यावारिधिको लागि गरिरहनु भएको हिउँ चितुवाको अनुसन्धानको क्रममा हामी मनाङस्थित नारको लेप्चे खर्कमा शिविर राखेर बसेका थियौं । टोलीमा डा. मधु क्षेत्री, एक्याप/मनाङका तात्कालिन कार्यालय प्रमुख सुदिप अधिकारी, म, र एकजना स्थानीय गोठाला भाइ थियौं, बेलुका ४ बजेको थियो । हामी दुई समूहहरुमा बाँडियौं- एउटामा सुदिप सर र म, अनि अर्कोमा मधु सर र स्थानीय गोठाला भाई । शिविरबाट निस्किने बेला हामीले अलि परको डाँडालाई घुमेर एउटा निश्चित ठाउँमा भेट्ने योजना बनायौं ।

सुदिप अधिकारी र म सँगै हिड्दै थियौ । अघिल्लो दिनको र त्यस दिनको दिउँसो सम्मको झरीले होला बाक्लो कुहिरोले नजिकै पनि देख्न मुस्किल परिरहेको थियो । साँझ ६ बजिसकेको थियो, तर बिस्तारै कुहिरो हट्दै गर्दा उज्यालो देखिन थालेको थियो । सुदिप अधिकारीले फर्कने कुरा गर्नु भयो तर मैले अलि माथिसम्म जाऔं भनें । उहाँले आफू तेर्सो जाने र मलाई माथि गएर त्यतै आउनु भन्दै आफ्नो क्यामरा दिनु भयो ।

म अघि बढें । बिस्तारै बादल फाट्यो र अलि ऊज्यालो भयो । मैले २०० मिटर पर एउटा हिउँ चितुवाले टाउको हल्लाएको जस्तो देखें । अलि माथि गिद्धहरु देखिए । त्यो वास्तवमै हिउँ चितुवा रहेछ । नाउर भर्खर ढालेर उसको घाँटी अँठ्याइरहेको थियो । त्यो करिब ४,८०० मिटरमा थियो । 'ओहो मेरो कत्रो भाग्य ! अब फोटो खिच्न पाइयो!' मनमनै कल्पिँदै मक्ख परें ।

'बाघदेखि जहिल्यै १-२ कदम पछाडि सर्नु' भन्ने गरेको सुनेकोले म बिस्तारै पछि सर्दै गएँ । ऊ त्यहींको त्यहीं थियो । 'सुदिप सर' भन्दै कराउँदै झण्डै ५० मिटर तल झरेपछि म दौडें । पछाडि फर्कंदै फोटो खिच्दै तल दौड्दै म त्यहाँबाट ४००० मिटरमा राखिएको शिविर (टेन्ट) मा आएँ र सरहरुलाई आफूले देखेको वृत्तान्त सुनाएँ । मधु सरलाई क्यामरामा कैद भएका हिउँ चितुवाका तस्विरहरु देखाएँ । हामीले भोलिपल्ट बिहानै त्यही ठाउँमा फेरि जाने योजना बनायौं र सुत्यौं ।

भोलिपल्ट बिहान तीन बजे मधु सर, सुदिप सर र म हिउँ चितुवाले नाउर मारेको ठाउँनिर जाँदै थियौं । कुहिरो कम भएको कारण आफूलाई लुकाउने र तस्विर खिच्ने वातावरण त्यहाँ थिएन । एउटा जनावर हिंडेको ठाढैबाट देख्यौं तर झिसमिसेमा त्यो हिउँ चितुवा हो, या स्याल वा ब्वाँसो ठम्याउन सकिएन । हामीले सिनुतिर फर्काएर दुइवटा क्यामरा ट्र्यापहरु राख्यौं । मधु सर एकातिर जानु भयो । सुदिप सर माथितिर जानुभयो, र म तलतिर बसें । बिहानको झिसमिसेमा त्यसपछि हामी एक ठाउँमा जम्मा भयौं । एकदम कठ्याङ्ग्रीने जाडो र चिसो थियो । म शिविर फर्केर सुत्छु भनेर हिडें । सरहरु अलि पर बस्नु भएछ । गिद्धहरुले सिनुमा झम्टिंदा लखेट्नु भएछ । तर हिउँ चितुवा देख्न पाउनु भएनछ । म दिउँसो तीन बजेतिर फेरि सिनु भएतिर गएँ । 'अब हिउँ चितुवा आउँदैन, क्यामरा निकालौं र शिविरमा फर्कौं' भनेर मधु सरले भन्नु भयो । हामीले क्यामरा झिक्यौं र शिविरमा फर्क्यौं र मेमोरी कार्ड हेर्यौं । ल्यापटमा हेर्दा गिद्धै गिद्धका तस्विरहरु आइरहे । तर अन्तिममा भने हिउँ चितुवाले सिनु खाइरहेको देखियो । सरहरु डाँडामा बसेको बेलामै त्यो हिउँ चितुवा आएर सिनु खाएर गएको रहेछ, वहाँहरुले चालै पाउनु भएनछ ।

भोलिपल्ट मैले मधु सरलाई एकपटक हेर्न जाऔं भनेर अनुरोध गरें । हामी डाँडाको अर्कै बाटो लिएर सिनु भएको ठाउँमा गयौं तर सिनु नै त्यहाँ थिएन । अलि पर हिउँ चितुवा लम्पसार परेर सुतेको थियो । सिनु अलि पर थियो । हामी ढुंगाको कापबाट १०० मिटर पर सुतेर हेर्न थाल्यौं, ऊ तल, हामी माथिल्लो गह्रामा थियौं । त्यसले कहाँबाट चाल पायो कुन्नि । जर्‍याकजुरुक उठ्यो र एकटकले हेर्‍यो । मैले नांगो आँखाले हेर्दै थिएँ, क्यामराले हेर्दा देखिएन । मधु सरले उसको भिडियो खिच्नु भयो ।

तर मलाई त्यति बेला भिडियो खिच्न नपाएकोमा खुबै नरमाइलो लागेको छ ।

नजिकबाट खिचिएको हिउँ चितुवाको त्यो तस्विरलाई संरक्षणको क्षेत्रको मेरो उपलब्धि ठान्छु ।

(प्रस्तुत रचना नरेश कुसी र सबिता गुरुङले मनाङमा ओम गुरुङसँग गरेको कुराकानीको अडियो रेकर्डको आधारमा अनिल अधिकारीले तयार गरेका हुन् ।)



Photo: Tashi R. Ghale

## हिउँ चितुवाबारे तथ्य

- हिउँ चितुवा विश्वका १२ देशहरू नेपाल, चीन, भारत, भुटान, मंगोलिया, रशिया, अफगानिस्तान, पाकिस्तान, काजकिस्तान, किरगिजस्तान, ताजकिस्तान, उज्वेकिस्तानमा मात्र पाइन्छ ।
- विश्वभरिमा ४,५०० देखि ७,५०० सम्मको सङ्ख्यामा हिउँ चितुवा भएको अनुमान गरिएको छ । तापनि केहीले यसको सङ्ख्या यसभन्दा कम बताएका छन्
- नेपालमा ३०१ देखि ४०० सम्म हिउँचितुवा भएको अनुमान गरिएको छ (स्रोत : नेपालको हिउँ चितुवा संरक्षण कार्ययोजना २०१७-२०२१) ।
- नेपालभरिमा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको लांगु उपत्यकामा हिउँ चितुवाको सबैभन्दा बढी घनत्व (१०० वर्ग कि.मि.मा १०-१२ वटा हिउँ चितुवा भएको पाइएको छ ।
- हिउँ चितुवा आईयूसीएन रेड लिस्टमा संवेदनशील वन्यजन्तुको श्रेणीमा राखिएको छ भने साइटिसको अनुसूचि १ मा समावेश गरिएको छ ।
- नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले हिउँ चितुवालाई प्राथमिकताका साथ संरक्षित वन्यजन्तुको सूचिमा राखेको छ । यस ऐनको पाँचौं संशोधन २०७३ ले हिउँ चितुवा लगायतका संरक्षित प्राथमिकताका वन्यजन्तुको शिकार गर्न पूर्णत: निषेध गरेको छ । कसैले यसलाई गैरकानुनी तरिकारले मारे, घाइते बनाए, यसको शरीरको कुनैपनि अङ्गलाई किनबेच गरे रु. ५,००,०००/- देखि रु.१०,००,०००/- जरिवाना वा पाँच देखि १५ वर्षसम्मको जेल सजाय वा दुवै प्रकारको सजायको भागिदार हुनुपर्ने व्यवस्था गरेको छ ।

## Facts about **SNOW LEOPARD**

- Snow leopards are found only in twelve countries in the world, they are; Nepal, China, India, Bhutan, Mongolia, Russia, Afghanistan, Pakistan, Kazakhstan, Kyrgyzstan, Tajikistan, and Uzbekistan.
- It is believed that 4500 to 7500 snow leopards exist in the wild. However, some believe even less than that.
- In Nepal, the estimated population of snow leopard is between 301 and 400 (Source: Snow Leopard Conservation Action Plan of Nepal 2017-2021).
- The Langu valley of Shey-Phoksundo National Park supports the highest density of snow leopard (10 to 12 snow leopards per 100 square km) in Nepal.
- Snow leopard is listed as Vulnerable species in the IUCN's Red Data Book and also included in the Appendix-1 of the CITES.
- Nepal's National Parks and Wildlife Conservation Act 1973 has listed snow leopard as a protected priority species. As per this Act's 5th amendment 2016., it is illegal to hunt the protected priority species including snow leopard. Any effort of poaching, smuggling snow leopard body parts, or hurting them is not tolerated by law and, if anyone found guilty of poaching, hurting snow leopard and trading of its body parts will be punished with penalty of Rs. 5,00,000 to Rs. 10,00,000 or 5-15 years of imprisonment or both.

- Rojan Phalami Magar

Grade 8, Shree Janawal Secondary School, Shyang, Mustang

# Role of Students in the Conservation of snow leopard



Photo : Anil Adhikari/TSN

Snow leopard is an animal that is rare in the world. It is an apex predator found in the Himalayas. In Nepal, its natural prey varies in different locations. For instance, snow leopard in Annapurna Conservation Area preys mainly on blue sheep, while in Sagarmatha National Park, Himalayan tahr is its main prey. Apart from this, it also preys on musk deer, Himalayan marmot, hare, and Himalayan monal.

The length of snow leopard's body and its tail are almost the same. The mother snow leopard keeps her cubs together for 18 to 22 months. During this period, the mother snow leopard teaches the cubs to walk, adapt to nature, and hunt prey.

In Nepal, snow leopard are found in the Himalayan region from 3000 to 5800 meters in rugged mountains, rocky caves, deep gorges, and pasture lands. It can hunt prey species three times larger than its size.

As it is very attractive and roams in the mountains, it is called queen of the mountains. Moreover, because it perfectly camouflages with the environment of the mountains, making it rare to observe like ghosts, it is also called ghost of the mountains.

It indicates its territory by scraping on the ground, spraying urine, and scratching on trees.

Protected areas should be established to conserve snow leopard. Awareness should be given to the local people that the snow leopard should not be hunted, its prey species should be saved, and its habitat should not be damaged. Also, if the snow leopard hunts on livestock like goats, cows, horses, etc., compensation insurance and distribution of foxlights should be arranged.

It is said that in the past days it was customary to kill a snow leopard, which was rewarded with alcohol, money, and a brave ranking. However, today the Government of Nepal has imposed a fine of 5 to 10 lakhs and imprisonment from 5 to 15 years for hunting snow leopards and harming them. This arrangement helps a lot in the conservation of snow leopard.

Because the snow leopard is an important species in the Himalayan ecosystem, it is critical to protect it by working together.

With the formation of Snow Leopard Scouts, students like us residing in the Himalayan region should understand and explain about its prey and its habitat to others. It is the responsibility of students residing nearby and around the habitat of snow leopard to conserve this endangered species.

(**Note**: This essay held the first position in the essay competition under the 'Art, Poetry and Essay Competition' organized on Snow Leopard Scouts Monitoring Camp in Mustang in Oct 2022)




Photo : Niraj Thakali/TSN

- रोजन फगामि मगर

कक्षा ८, श्री जनवाल मा.वि., स्याङ, मुस्ताङ

# हिउँ चितुवा जोगाउन विद्यार्थीको भूमिका

हिउँ चितुवा विश्वमा दुर्लभ हुन लागेको जीव हो । यो हिमाली भेगमा पाइने उच्च श्रेणीको शिकारी जन्तु हो । नेपालमा यसको मुख्य प्राकृतिक आहाराहरु स्थान अनुसार फरक फरक छन् जस्तै, अन्नपूर्ण संरक्षण क्षेत्रमा हिउँ चितुवाले मुख्यगारि नाउरको शिकार गर्दछ भने सगरमाथा राष्ट्रिय निकुञ्जमा झारल यसको मुख्य प्राकृतिक आहारा हो । यस बाहेक हिउँ चितुवाले कस्तुरी मृग, फ्याउमूसो, खरायो, डाँफेको पनि शिकार गर्दछ ।

हिउँ चितुवाको शरिर र पुच्छरको लम्बाई उस्तै उस्तै हुन्छ । माऊले आफ्ना डमरुहरुलाई १८ देखि २२ महिनासम्मसँगै राख्छ । यस अवधिमा माऊ हिउँ चितुवाले डमरुहरुलाई हिंडडुल गर्न, प्रकृतिमा अनुकूलन हुन र शिकार गर्न र शिकार खान सिकाउँछ ।

नेपालमा हिउँ चितुवाहरु हिमाली क्षेत्रको ३ हजार मिटर देखि ५८०० मिटरसम्मका कठिन भीर, चट्टानी गुफा, चोटी, गहिरा गल्छी, मनोरम घाँसे मैदानमा पाइन्छन् । यसले आफ्नो तौलभन्दा तीनगुणा बढी आकार भएको आहारा प्रजातिको शिकार गर्न सक्दछ ।

यो निकै आकर्षक र हिमालमा हिंडडुल गर्ने भएकोले यसलाई हिमालकी रानी भनिन्छ भने पर्वतको वातावरणसँग मिल्ने भएकोले, प्रेतजस्तै मानिसको आँखाले बिरलै देखिने भएकोले यसलाई पर्वतको प्रेत पनि भनिन्छ ।

यसले जमिनमा कोतरेर, पिशाबको गन्ध छर्केर, रुखमा कोतरेर आफ्नो इलाकाको संकेत गर्दछ ।

हिउँ चितुवालाई बचाउन संरक्षण क्षेत्रहरु स्थापना गरिनु पर्दछ । हिउँ चितुवाको शिकार गर्न हुन्न, यसको आहारा बचाउनु पर्दछ, वासस्थान बिगार्नु हुन्न भनेर स्थानीय गाउँलेहरुलाई चेतना दिनुपर्छ । हिउँ चितुवामा आधारित संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । त्यस्तै, हिउँ चितुवाले गाउँलेको बाख्रा, च्याङ्ग्रा, गाई, बाच्छा, चौंरी, घोडा खाइदिए फक्सलाइट वितरण गर्ने, क्षतिपूर्ति र बीमाको व्यवस्था गर्नुपर्छ । पशुपालकहरुलाई गोठलाई बलियो पार्न सुझाव दिनुपर्दछ ।

पहिले पहिले हिउँ चितुवा मारे सम्मान गर्ने, रक्सी, पैसा र बहादुरीको दर्जा दिने चलन थियो भन्ने सुनिन्छ । तर आज नेपाल सरकारले हिउँ चितुवाको चोरी शिकार गरे, यसलाई मार्ने र नोक्सानी पुर्‍याए ५ लाख देखि १० लाखसम्म जरिवाना र ५ वर्षदेखि १५ वर्षसम्म कैद सजाय तोकेको छ । यो व्यवस्थाले हिउँ चितुवाको संरक्षणमा धेरै सघाउँदछ ।

हिउँ चितुवा हिमाली पारिस्थितिक प्रणालीको महत्वपूर्ण जीव भएकोले सबै मिली यसको संरक्षण गर्नु जरुरी छ ।

'स्नो लेपर्ड स्काउट' गठन गरेर हामी जस्ता हिमाली क्षेत्रका विद्यार्थीहरुले हिउँ चितुवा यसको आहारा र वासस्थानलाइ बुझ्नु र बुझाउनु पर्दछ । खतरामा परेको वन्यजन्तु हिउँ चितुवा जोगाउने दायित्व हिउँ चितुवाको वासस्थान नजिक र वरपर बस्ने हामी विद्यार्थीको पनि हो ।

(नोटः प्रस्तुत निबन्ध २०७९ कार्तिकमा मुस्ताङमा भएको स्नो लेपर्ड स्काउट्स मनिटरिङ क्याम्पमा भएको चित्रकला, कविता र निबन्ध प्रतियोगितामा निबन्ध तर्फ प्रथम स्थान हासिल गर्न सफल भएको हो ।)

– Shreyashi Bista




Photo Darwin S. Mayhew

# Story of Perseverance, Story of Snow Leopard

Genevieve came running at us from behind, stating Petra was also experiencing the Genevieve effect. I laughed out loud and then questioned her about the Genevieve Effect. They all laughed at me in response.

When we (Shreeya, Nikita, and I) met up with our Inland Norway University of Applied Sciences travelling companions, it had already been three days since we started. Despite being exhausted and sick, the squad was keen about reaching snow leopard's habitat at 4580 meters. The ascent from Chet-Chet to Simigaon was so exhausting that we were unable to raise our heads in triumph because it only served to highlight how many more mountains were left there to climb.

But as soon as we crossed the border into Dong Gang from Simigaon, we were astonished by the beauty; the 12 kilometers of incline had undoubtedly been worthwhile. It is understandable why the entrance to the kingdom of the snow leopard was paved with such incredible splendor. A White Capped Water Redstart was flying in the stunning DongGang valley, which was surrounded by coniferous trees and had the Rolwaling stream flowing through the hear of it. It appeared the birds in the sky were trying to learn our names and goals. (I told them silently in my mind, we have come to meet our friend, the snow leopard).

The group greeted us and explained the Genevieve effect, which was nothing but the diarrhea that everyone was experiencing in the high mountains. At barely 2700 meters, Elena, Roy, and Gen (as we like to call her) were already experiencing diarrhea and headaches, but their inner zeal was fit and strong. Darwin, who was in excellent physical and mental condition, had our team genuinely envious of him because he was the only one who could climb the mountains as if he had been living there for all time. With the hope of seeing raptors, Hugo (the bird guy) constantly kept his eyes staring at the sky while Lea, Amanda, and Neilsante were walking like hungry horses when shown a bait. We continued the journey from Dong Gang to Beding, but one thing I pondered through all those times was the bareness in the jungle. Despite the fact that we saw very little wildlife during those four days, our aspirations were high.

However, the lack of animals was a clear indication that the ecosystem is not in the same state as in the past. We went down the trail, which was a mix of uphill and downhill, using it as a metaphor for life.

The trees were lying on the ground rather than fluttering in the sky, which made us sad as we saw the ecosystem in such a miserable state. However, the good news was that Dr. Madhu Chetri stated he would take care of it immediately, and we breathed a sigh of relief. Soon after we arrived in Naa (4200 meters) through Beding, on the sixth day; the scenery was breathtaking. It took our breath. In fact, almost everyone was having trouble breathing, and six of us were ill with headaches and diarrhea. While we were all sitting and debating how to do more survey work with Dr. Chetri and Mr. Purna, Hugo came sprinting up to us, claiming he had just seen a herd of Himalayan tahr walking above the steep rocks. We were not as lucky though.

Another day we moved up, doing the double-observer survey and sign survey. Elena and I were doing the survey, and while doing our work, Elena noticed some moving trees above the rocks. With binoculars, we both leapt with delight as we knew the moving trees were actually the movement of Himalayan tahr. Elena and I each took a turn looking through the same pair of binoculars, but I was only able to spot a few rocks and little shrubs. Elena convinced me by claiming that those animals were merely hidden among the bushes between a single large rock and a smaller rock. I was shocked to find that I could clearly see them up there. Despite the obstacles, we finally had a glimpse of the snow leopard's prey on the sixth day, and one thing was sure, the snow leopard was not far. Then came the most difficult part, which was all the way up from Naa to Tsho-Rolpa.

As soon as we raised our hopes and sharpened our legs, some villagers came and warned us about the vertical uphill climb to the lake. Some visitors who were on their way down told us that we couldn't accomplish the climb. But, no matter what, the zeal in our hearts kept propelling us forward. The snow leopard fascinates me because of its elusiveness, rarity, and the difficulty of reaching it. Snow leopards are known as the sentinels of the mountains because they protect the habitat they live in and the ecosystem they possess.



Photo: NTNC-GCAP

It was tough to get to Tsho-Rolpa, far more difficult than climbing 2000 stairs uphill. We walked for two minutes and rested for five. When we were just about to give up, we were reminded about our goal to set the camera trap at 4700 meters and that it was solely to look for snow leopard.

We were re-energized and determined to achieve our aim. We arrived at our destination in the end. With a heart full of ecstasy and hope that snow leopard, our friend, will undoubtedly say hello to our cameras, we put the cameras at about 4700 meters and set back to our camp. After a month of waiting, we finally spotted a picture of a snow leopard trapped in our camera, and it was the pinnacle of our journey to Tsho-Rolpa.

That journey not only aided us in our professional career development, but it also had a personal aspect to it. At times, it might be difficult to get to our target, but each steady step brings us closer to it. Nothing is impossible if we have passion in our hearts and courage to achieve our goals.

Thank you to the National Trust for Nature Conservation (NTNC)-Gaurishankar Conservation Area Project (GCAP) team, especially Dr. Chetri, Project Chief- GCAP, Inland-Norway University, particularly, Morten for making the trip both possible and unforgettable.



- श्रेयषी बिष्ट

# दृढताको कथा, हिउँ चितुवाको कथा

Photo : Shreyashi Bista

जेनेभिभ दौडिदै पछाडिबाट "पेट्राले पनि जेनेभिभ प्रभावको अनुभव गरिरहेकी छिन्" भनिन् । म चर्को स्वरले हाँसें र त्यसपछि उनलाई 'जेनेभिभ प्रभाव भनेको के हो ?' भन्दै सोधें । जवाफमा उनीहरू सबै मलाइ हेरेर हाँसे ।

हामी (श्रीया, निकिता र म) ले हाम्रा इनल्याण्ड नर्वे युनिभर्सिटी अफ एप्लाइड साइन्सेजका साथीहरूसँग भेट्दा, यात्रा सुरु गरेको तीन दिन भइसकेको थियो । थकित र बिरामी भएर पनि टोली ४५८० मिटरमा रहेको हिउँ चितुवाको बासस्थान पुग्न उत्सुक थियो । चेत-चेतदेखि सिमिगाउँसम्मको आरोहण यति थकाइलाग्दो थियो कि हामीले टाउको उठाउन पनि सकिरहेका थिएनौ किनभने यसले त्यहाँ अझै कति हिमालहरू आरोहण गर्न बाँकी छ भन्ने मात्र देखिरहेको थियो ।

तर सिमिगाउँबाट डोङगाङमा सिमाना पार गर्ने बित्तिकै हामी त्यहाँको सुन्दरता देखेर उत्साहित भयौं; १२ किलोमिटरको हिँडाई निस्सन्देह फलदायी भयो । आखिर हिउँ चितुवाको राज्य हो सुन्दर त अवस्य नै हुन्छ । चारै तिरबाट सल्लाले घेरिएको, बीचबाट रोल्वालिंग खोला बगिरहेको र आकाशमा सेतो-टाउके-जलखंजरी उडिरहेको, डोङ्गान उपत्यकाको दृश्य हेर्दै शान्त र रमणीय थियो । लागिरहेको थियो कि ति आकाशमा उडिरहेका चराचुरुङ्गीहरूले हाम्रा नाम र लक्ष्यहरू सोध्न खोजिरहेका छन् (मैले मनमनै भनें, 'हामी हाम्रो साथी, हिउँ चितुवालाई भेट्न आएका हौं) ।

त्यसपश्चात हामीलाई हाम्रो समुहले स्वागत गरे र जेनेभिभ प्रभावको विश्लेषण पनि गरें, त्यो त केवल हिमालमा आएर सबैले अनुभव गरिरहेको पखाला बाहेक अरु केही थिएन । लगभग २७०० मिटरमा आउने बित्तिकै एलेना, रोय, र जेनले (हामीले उसलाइ बोलाउने नाम) पखाला र टाउको दुखाइको अनुभव गरिरहेका थिए, तर उनीहरुको भित्री जोस भने स्वस्थ र बलियो थियो । उत्कृष्ट शारीरिक र मानसिक अवस्थामा रहेको डार्विनको भने हाम्रो टोलीले साँच्चै नै इर्ष्या गरिरहेको थियो किनभने उ मात्र एक जना थियो जसले पहाडहरू चढ्न सक्थ्यो । लागिरहेको थियो कि ऊ त्यहाँ बर्सौंदेखि बस्दै आएको हो । आकाशमा सिकारी चरा देखिने आसले गर्दा, ह्यूगो (चरा केटा) को आखाँ निरन्तर

आकाशतर्फ नै थियो । लीया, अमंडा र निल्संते भने भोका घोडालाई चारा देखाउँदा जसरी हिँड्छ त्यसरी नै हिँडिरहेका थिए । डोङ्गानदेखि बेदिंगासम्म हिँड्ने क्रममा, मलाई एउटा कुराले निकै नै सोच्न बाध्य बनायो । त्यो बाटोभरि जङ्गलमा खालीपन थियो, हामीले जंगली जनावरहरुको केही चिन्ह पनि भेटेका थिएनौं । ती चार दिनमा हामीले थोरै वन्यजन्तुहरु देखे पनि हाम्रा आकांक्षा भने उच्च नै थिए ।

तर, जनावरहरुको अभावले पारिस्थितिकीय प्रणाली विगतको जस्तो अवस्थामा छैन भन्ने चै स्पष्ट सङ्केत दिन्थ्यो । हामी हिँड्दै गयौं आफ्नो गन्तब्य तिर, बाटो उकालो र ओरालोको मिश्रण थियो र हामी त्यस बाटोलाइ जीवनको रुपमा तुलना गर्दै हिँडिरहेका थियौं ।

रुखहरु आकाशमा फर्फराउनुको साटो भुईंमा निर्जीव भएर थुप्रिएका थिएः पारिस्थितिक प्रणालीलाई यस्तो दयनीय अवस्थामा देख्दा हामी असाध्यै चिन्तित र दुखि भयौं । जे होस्, खुशीको खबर यो थियो कि मधु सरले अब तुरुन्तै यसको ख्याल राख्ने भन्नुभयो, र हामीले राहतको सास फेर्यौं । छैटौं दिनमा हामी बेडिङ हुँदै ना (४२०० मिटर) आइपुगेपछिः दृश्य झनै मन लोभ्याउने भैसकेको थियो, हाम्रा आँखा त्यहाँको सुन्दरता हेरेर हर्षित भैसकेका थिए भने मन चाहीं त्यस दृश्यमा हराइसकेको थियो । लगभग सबैलाई सास फेर्न समस्या भइरहेको थियो, र हामी मध्ये छ जना टाउको दुख्ने र पखालाले बिरामी भैसकेका थियौं । हामी सबै बसेर डा. मधु क्षेत्री र पूर्ण सरसँग थप सर्वेक्षणको काम कसरी अघि बढाउने भन्ने बहस गरिरहेका थियौं र त्यसैबेला, ह्युगो हामीकहाँ दौडँदै आएर आफुले भर्खरै ठाडो चट्टानहरु माथि झारलको बथान देखेको भन्दै बताए । यद्यपि हामी त्यति भाग्यमानी थिएनौं र हामीले भने त्यो दृश्य हेर्न पाएनौं ।

अर्को दिन हामी दोहोरो पर्यवेक्षक सर्वेक्षण गर्दै अगाडि बढ्न थाल्यौं । म र एलेना सर्वेक्षण गरिरहेका बेलामा, एलेनाले चट्टानहरु माथि केही चलिरहेको रुखहरु देखिन् । दूरबीनका साथ, हामी दुबै खुसीले उफ्र्यौं किनकि हामीलाई थाहा थियो कि ति हल्लिरहेका रुखहरुको भन्दा पनिवास्तवमा झारलको हलचल थियो । एलेना र म, दुबैले एउटै दूरबीनलाई पालो पालो गरि हेर्‍यौं, तर मैले भने केही ढुङ्गाहरु र साना झाडीहरुबाहेक केही देख्न सकिन । एलेनाले ति झारलहरु त्यो पर देखिएको एउटा ठूलो र सानो चट्टानको बिचमा लुकेका छन् भनी दाबी गरेर मलाई विश्वस्त पारिन् र मैले फेरी दोहोराएर उसले भनेकै अनुसारको ठाउँमा हेर्ने प्रयास गरें । नभन्दै, मैले तिनीहरुलाई स्पस्ट रुपमा हिँडिरहेको देखें । अवरोधका वाबजुद, हामीले अन्ततः छैटौं दिनमा हिउँ चितुवाको शिकारको झलक देख्यौं र त्यसपछि भने एउटा कुरा पक्का थियो, अब हिउँ चितुवा टाढा थिएन । त्यसपछि सबैभन्दा कठिन भाग आयो, जुन ना गाउँ देखि त्शो-रोल्पासम्मको यात्रा थियो ।

हामीले एक अर्कालाइ प्रोत्सहान गर्दै आसा जगाउने र खुट्टा तिखार्ने काम गरिरहेका थियौ र त्यसै बेलामा केही गाउँलेहरु आएर हामीलाई ताल पुग्न अगाडिको ठाडो उकालो चढ्न गार्ह्रो हुने चेतावनी दिए साथै कही तल झर्दै गरेका पर्यटकहरुले भने हामीलाई निरुत्साहित समेत गरे । त्यस कुराले हामीलाई आतंकित त बनायो तरपनि हाम्रो मनमा भएको जोसले भने हामीलाई अगाडि बढायो । हिउँ चितुवाको मायावीपन,



Photo : NTNC-GCAP

दुर्लभता र त्यहाँ पुग्न कठिन बाटोका कारण मलाई हिउँ चितुवाले आकर्षित गर्छ । हिउँ चितुवाका पहाडका प्रहरी भनेर पनि चिनिन्छन् किनभने उनीहरुले आफू बस्ने वासस्थान र पारिस्थितिक प्रणालीको सुरक्षा गर्छन् ।

२००० सिँढी उकालो चढ्नु भन्दा पनि छो-रोल्पा पुग्न गाह्रो थियो । दुई मिनेटको हिँडाई पछि हाम्रो पाँच मिनेट आराम हुन्थ्यो । केही समय पश्चात हामी उभिन पनी नसक्ने स्थितिमा थियौं । जब जब हामी हार मान्न थाल्थ्यौं, हामीलाई हाम्रो महत्वपूर्ण लक्ष्य सम्झाइन्थ्यो ४७०० मिटरमा स्वचालित क्यामेरा राख्ने र हिउँ चितुवाको खोजी गर्ने ।

हामी पुनः जोशमा आयौं र हाम्रो लक्ष्य हासिल गर्न कटिबद्ध भयौं । अन्तमा हामी हाम्रो गन्तव्यमा आइपुग्यौं । हर्षले भरिएका हृदयहरुका साथ र हाम्रो साथी, हिउँ चितुवाले हाम्रा क्यामेराहरुलाई निस्सन्देह नमस्कार भन्नेछ भन्ने दृढ आशा राख्दै हामीले क्यामेराहरु लगभग ४७०० मिटरको उचाइमा राख्यौं र आफ्नो क्याम्पमा फर्कियौं । एक महिनाको पर्खाइपछि अन्ततः हामीले क्यामेरामा कैद भएको हिउँ चितुवाको तस्विरहरु देख्यौं, र त्यो नै हाम्रो छो-रोल्पा यात्राको सफलता थियो ।

यो यात्राले केवल पेसागत करियर विकासमा मात्र योगदान दिएन, यसमा व्यक्तित्व विकास पक्ष पनि निकै धेरै थिए । कहिलेकाहीं, हाम्रो लक्ष्यमा पुग्न हामीलाई गाह्रो हुन सक्छ, तर प्रत्येक स्थिर कदमले निश्चित रुपमा हामीलाई यसको नजिक ल्याउँछ । यदि हाम्रो हृदयमा जोश, चाहना र लक्ष्य प्राप्त गर्ने साहस छ भने केहि पनि असम्भव छैन । यात्रालाई सम्भव र अविस्मरणीय बनाउनु भएकोमा राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी)-गौरी शंकर संरक्षण क्षेत्र आयोजना (जीक्याप) टोली, विशेष गरी जीक्यापका परियोजना प्रमुख डा. मधु क्षेत्री, इनल्याण्ड-नर्वे विश्वविद्यालय, बिशेष गरि प्रोफेसर मोर्टनलाइ धेरै धन्यवाद ।

POEM

# Hey, Padhvasambhav **Rinpoche's Dog**

A creature's survival acts in nature makes its habit
Knowing its habit is crucial so you won't harm the species nor the nature, you get it
Strange are the habits of the beauteous, long-tailed Snow leopard of the mountains
Feeds on carcass but also time to time consumes grass and licks limestone mines
Wraps its tail around itself own body, in bid to stave off the biting cold
Roams the night away, searching for prey, along the steep, rocky trail
The adult lives alone, marking its territory with scrape, scat and urine
Preys stealthily on one in a herd, scares off the rest
In snowy winter, like its prey, it also descends to live
It dies more often because of poaching than naturally, all believe
Usually lives in high Himalayas, but sometimes to the villages makes a visit
Kills the livestock and as a pay back, people often kill it
Mainly active at night but at day also seen roaming
Even feeds on carcass if starts starving
Also, prey on domestic yak, although seven times heavier than itself
How brave! To hunt the livestock, even breaks into weak sheds
In the shed, leaves all the sheep dead, when pay a visit making a sneak
Farmers believe it as Rinpoche's dog, but it makes their financial status even weak
Hey naturally inhabiting Padmasambhava Rinpoche's dog, why to kill if don't want to feed
The poor farmers take loans at high interest to buy the sheep kept in the shed


Photo : Anil Adhikari

(Note: Padmasambhava Rinpoche is an ancient highly respected incarnated Buddhist Lama)

- Karan Bahadur Shah



Photo: Nature Conservation Foundation/Himanchal Predesh/Forest Department/Snow Leopard Trust

# हे पद्मसम्भव रिन्पोछेको कुकुर

आफू बाँच्नको लागि कुनै प्राणीले प्रकृतिमा गर्दै आएको क्रियाकलाप नै हो उसको बानी ।
अत: प्राणीलाई जोगाउन उसको बानी जान्नु पर्छ नत्र हुन्छ प्रकृति र उसलाई हानि ।।
अनौठा छन् उच्च हिमाली भेकमा बसोबास गर्ने सुन्दर लामपुछ्रे हिउँ चितुवाको बानी ।
सिनु भक्षण त गर्छ नै, समय समयमा घाँस खान्छ अनि चाट्छ गएर कमेरोको खानी ।।
आफ्नो लामो पुच्छरलाई यसले आफ्नै शरीरमा बेरेर भगाउन खोज्छ हिउँदको जाडो ।
आहाराको खोजिमा रातभरि हिँडडुल गर्छ यसले चाहे भीरमा बाटो किन नहोस् ठाडो ।।
वयस्क एक्लै बस्ने, आफ्नो क्षेत्र निर्धारण गर्न खोस्रेर, दिशा पिशाब गरेर चिन्ह लगाउने ।
लुकीछिपी आहार प्रजातिको शिकार गर्दा झुण्डको एउटालाई मार्ने अरूलाई भगाउने ।।
हिउँदेयाममा जमिन हिउँले ढाक्दा आफ्नो आहार प्रजातिसँगै यो पनि तलतिर झर्छ ।
विश्वास गरिन्छ यो शिकारी जन्तु प्राकृतिक मृत्युभन्दा चोरी शिकारीको हातबाट बढी मर्छ ।।
उच्चहिमाली भेकमा प्राय: बस्ने भएपनि कहिलेकाँही यो मानव वस्तितिर पनि आउँछ ।
त्यहाँ घरपालुवा चौपाया मार्छ अनि आफूले पनि मृत्यु जस्तो ठूलो सजाय पाउँछ ।।
निशाचर हो यसको मुख्य बानी तर यदाकदा दिउँसो पनि भेटिन्छ हिँडडुल गरेको ।
भोकै लामो बस्नु परे यो खान थाल्छ अरूले नै मारेको वा वन्यजन्तु आफैं कालगतिले मरेको ।।
आफू भन्दा सात गुणा भारी किन नहोस् घरको चौँरीलाई समेत यसले मारेर खाने ।
कस्तो साहसी ! घरपालुवा चौपायाको शिकार गर्न असुरक्षित गोठभित्र समेत जाने ।।
पस्छ यो किसानको गोठभित्र खान्न तर एकै पटक भेटाए जति भेडा च्याङ्ग्रा धेरै मार्छ ।
यसलाई रिन्पोछेको कुकुर मान्ने सोझा गाउँलेको आर्थिक अवस्थालाई डामाडोल पार्छ ।।
खुला प्रकृतिमा बस्ने हे पद्मसम्भव रिन्पोछेको कुकुर जब खानु छैन भने मार्छौ किन ।
बिचरा किसानहरूले ती गोठमा राखेको भेडा च्याङ्ग्रा किन्न चर्को ब्याजमा काढेको हुन्छ रिन ।।

- करन बाहादुर शाह

# Let's Save Snow Leopard



Art : Pat Schwab

Snow leopard is a rare creature, let's know
Realize, including India and Nepal,
only twelve nations where they go
Snow leopard, inhabitants of Nepal Himalaya
Let's save it before it fades away
Cat species are shy, shouldn't be harmed
Food hunting in early mornings and evenings, what they routine
Hunts three times larger its size
Such species are rare; conserving them is our prize
Yak calves, sheep and goats in which it preys on
Retaliatory killing might cause its extinction
It's a carnivore, survives by hunting
Loss is ours, if charged of killing
Prey depletion and habitat destruction cutting down their numbers
People dub them the queens of the mountains
They are endangered by the activities of humans
Let's conserve, the onus is on us

# हिउँ चितुवा जोगाऔँ !

हिउँ चितुवा एउटा विश्व मै दुर्लभ जन्तु  हो जानौं ।
नेपाल भारतसहित विश्वको बाह्र मुलुकमा मात्र पाइन्छ त्यो बुझौं ।।
नेपालको हिमाली क्षेत्रमा हिउँ चितुवाको बास ।
जोगाएर राख्नुपर्छ नत्र हुन्छ यसको बिनास ।।
बिरालो प्रजाति लजाउँछ, गर्न हुन्न यसलाई हानि ।
साँझ बिहानी झिसमिसेमा निस्कन्छ आहारा खोज्ने बानी ।।
आफूभन्दा तीनगुना ठूलो सिकार यसले गर्छ ।
यस्तो जन्तु थोरै छन् है जोगाउनु यसलाई पर्छ ।।

चौंरीको बाच्छा, भेडा, बाख्रा पनि चोरेर यसले खान्छ ।
शत्रुभनी मारिदिए यो लोप हुँदै जान्छ ।
मांसाहारी हो यो जीव, शिकार गरेर बाँच्छ ।
यसलाई मारे कानून लाग्छ, हानि हामीलाई हुन्छ ।।
आहाराको कमी र वासस्थान विनासले भयो हिउँ चितुवाको कमी ।
मानिसहरूले यसलाई चिन्छन् भनी हिमालको रानी ।।
मानवीय क्रियाकलापले गर्दा नै यसको बिनास भयो ।
संरक्षण गरौं सबैले अब हाम्रै जिम्मा भयो ।।

– Nisamhang Limbu, grade 8, Saraswati Secondary School, Sirijanga-3, Sikaincha, Taplejung
– निसामहाङ लिम्बू, कक्षा ८, श्री सरस्वति मा.वि., सिरिजङ्गा ३, सिकैंचा, ताप्लेजुङ



Art : Parag Chettrii

# हिउँ चितुवा

हिउँ चितुवालाई भनिन्छ हिमालको रानी
मनाङ, मुस्ताङ, डोल्पा हो यो बस्ने खानी
नाउर, झारल र कस्तुरी यसको मुख्य प्राकृतिक आहारा
यसलाई खोज्न गर्नुपर्छ जंगलको बिहार
यसको अनुसन्धानमा थुप्रै विज्ञहरूले समय बिताएको
भीर, पहरा र चोटीहरूमा बस्ने यसको ठाउँ
जंगलमा मात्र बस्छ बिरलै पस्छ गाउँ
मौका पाए घरपालुवा जनावर मारेर यसले खाने
यसको बानी हुन्छ मानिसबाट पर बस्ने, धेरै नै लजाउने
यसलाई फेला पार्न गरिन्छ क्यामरा ट्र्याप
आफू बसेको ठाउँमा गर्दछ दिसा र स्क्र्याप
कहिलेकाहीँ यिनिहरूले मानिसहरूलाई तनावमा पार्दछन्
संरक्षण नबुझेका कोही कोहीले पाए यिनीहरूलाई मार्ने कोशिस गर्दछन्
चोरी शिकारीले गर्दा यसको संख्या घटेको छ
यसलाई बचाउन विभिन्न संस्था लागि परेको छ
लामो छ पुच्छर यसको लामै छ ज्यान
हिउँ चितुवा जोगाउन दिनुपर्छ सबैले ध्यान
हिमाली खाद्यचक्रमा दिन्छ यसले योगदान
यसलाई जोगाउन पर्छ सबैले ज्ञान
कच्चा खोरमा आई यसले भेडा च्याङ्ग्रा खान्छ
याद गर्नु यसलाई क्षति गरे मानिस जेल जान्छ

# Snow Leopard

Snow leopard, called the queen of mountain
Manang, Mustang, Dolpa seem like its haven
Blue sheep, Himalayan tahr and musk deer its main prey
In search of it, one must roam into the forest
White and brown in color and body covered with rough spots
In the research huge time spent by many experts
Inhabitants of cliffs, hills and tops
Lives in the jungle, in village it rarely enters
Preys on livestock, given the chance
Shy in nature, love to keep a human distance
Cameras are set up to spot it
And it leaves the mark like scat and scrap
Occasionally it gives people a hard time
Those unaware of conservation even try to kill them
Poaching has decreased its population
Various organizations working for its conservation
It has a long tail, also a long body
To save them everyone should take the custody
It contributes in the Himalayan food chain
Conservation of this species should be everyone's aim
Preys on goats and sheep entering weak sheds
Remember, if you harm them, you'll end up in jails

विजय रोका, कक्षा ८, श्री जनशान्ती मावि, कागबेनी, मुस्ताङ
Bijay Roka, Grade 8, Shree Janashanti Secondary School, Kagbeni, Mustang



Art : Joshua Smalley

# I Am
# A Snow Leopard

The cliffs that I climb
Rocky hills and ravines that I run on
Ah, the fun of the green meadows
I am there in only twelve countries
The roof of my house covered with snow
They call me the ghost of the mountains—
I am a Snow leopard!
I mumble, I'm shy
I look like a big cat, walk like a tiger
Fear haunts me as I look for prey
Hunters in turn visit the forest, looking for me
I am on the endangered list, such is my predicament these days
My species keep on dwindling, I get ever anxious
I am also indispensable to the world
I have as many rights as the humans
My friend got killed and got smuggled its trophy
See, this creature called man's mind is very dirty
We're all on Earth, created by the lord
We depend on each other and live for each other.

- Rojina Ghimire

# म हिउँ चितुवा

म चढ्ने उच्च भीरहरू
कुद्ने चट्टाने पहाड र खोँचहरू
आहा, घाँसे मैदानको मस्ती
यस्तै बाह्र मुलुकहरूमा छ मेरो बस्ती
मेरो घरको छानो हिउँको छ भुवा
पर्वतको प्रेत भन्छन्, म हिउँ चितुवा
मिउमिउ गरि बोल्छु, लजालु स्वभाव मेरो
ठूलो बिरालो जस्तो देखिन्छु, बाघ जस्तो चाल मेरो ।।
शिकारको खोजी गर्दा डर सधैं मनमा
शिकारी उल्टै आउँछन् मलाई खोज्न वनमा
संवेदनशीलको सूचीमा म दुर्दशा भएको छ आजकल
मेरो परिवार घट्न थाल्यो, सारै पीर लाग्छ हरपल
यो संसारको अभिन्न प्राणी म पनि
जति हक मान्छेको त्यति मेरो पनि
मेरो साथी मारी उसको आखेटोपहारको चोरी
हेर मान्छे भन्ने प्राणीको बुद्धि सारै फोहोरी
हामी सबै धर्तिमा इश्वरको रचना
एकसँग अर्कोको मिल्छ संरचना

- रोजिना घिमिरे



Photo : Víctor Manuel Ramos

–Víctor Manuel Ramos

## Three 'Beloved' Snow Leopards Died of Covid Complications at **Nebraska Zoo**

Nov. 13, 2021, Three snow leopards died of complications related to Covid-19 at a zoo in Lincoln, Nebraska, despite efforts by staff to restore them to health after they tested positive for the virus, zoo administration said.

The Lincoln Children's Zoo lamented the deaths of Ranney, Everest, and Makalu in a Facebook post on its official page Friday (Nov. 12, 2021) evening, saying, "the cats were beloved by our entire community inside and outside of the zoo."

"This loss is truly heartbreaking, and we are all grieving together," the statement said.

The snow leopards were not the only animals to have contracted the virus at the facility. The Lincoln Children's Zoo had published a statement on October 13, disclosing that the snow leopards and Sumatran tigers had "tested positive for the virus that causes Covid-19."

The zoo had collected nasal swab and fecal samples after animal keepers had "observed symptoms consistent with the virus in felids," which can include respiratory illness. The zoo said it had been treating the snow leopards and tigers "with steroids and antibiotics to prevent secondary infection," but its statement did not say whether its animals had been vaccinated.

This summer, zoo animals had received an experimental Covid vaccine made by Zoetis, a veterinary pharmaceutical company in New Jersey.

Cases of coronavirus infections among zoo animals had surfaced throughout the U.S., including the first two spotted hyenas in the world who were found to have the virus, among other animals infected at the Denver Zoo. Other reported cases had included tigers in Omaha, Nebraska, African lions, snow leopards, jaguars, and a tiger in St. Louis and lions in Honolulu.

The Centers for Disease Control and Prevention had said that the risk of animals spreading Covid-19 to people is considered low, but people can also spread the virus to them, and cases among pets and animals in zoos had been documented around the world. The Lincoln Children's Zoo, conceived as a family destination where children could come close to animals, houses over 400 animals, including more than 40 endangered species, according to its website.

## नेब्रास्का चिडियाघरमा तीनवटा **प्यारा हिउँ चितुवाहरू** कोभिड सम्बन्धी जटिलताले मरे

अमेरिकाको नेब्रास्का राज्यको लिन्कन शहरमा अवस्थित एक चिडियाखानामा तीनवटा हिउँ चितुवाहरूको कोभिड-१९ सम्बन्धी जटिलताको कारण मृत्यु भयो । चिडियाखानाको विज्ञप्ती अनुसार चिडियाघर प्राविधिकहरूले तिनलाई स्वस्थ बनाउने प्रयासको बाबजुद पनि हिउँ चितुवाहरूको मृत्यु भएको हो ।

लिन्कन चिल्ड्रेन चिडियाखानाले शुक्रबार (२०७८ कार्तिक २६ गते) साँझ आफ्नो फेसबुक पोष्टको आधिकारिक पृष्ठमा रान्नी, एभरेष्ट, र मकालुको मृत्युमा शोक व्यक्त गऱ्यो, 'यी बिरालाहरूलाई हाम्रो चिडियाखाना भित्र र बाहिरका सम्पूर्ण समुदायले माया गर्थे ।'

'यो घटना साच्चिकै हृदयविदारक छ, र हामी सबै शोकमा छौं ।', विज्ञप्तिमा भनिएको छ ।

चिडियाखानामा कोभिड-१९ बाट संक्रमित हुने जनावर हिँउ चितुवा मात्र थिएन । चिडियाखानाले असोज २७ गते प्रकाशन गरेको एक विज्ञप्तिमा हिँउ चितुवा र सुमात्रन पाटे बाघमा कोरोनाभाइरस पोजेटिभ देखिएको जनाएको थियो ।

'बिरालो जातका जनावरमा देखिने भाइरसको लक्षण' देखिएपछि चिडियाखानाले ति जनावरको नाकको स्वाब र दिसाको नमुना संकलन गरेको थियो । चिडियाखानाले हिँउ चितुवा र पाटे बाघलाई फेरि संक्रमण नहोस भनेर स्टेरोइड र एन्टिबायोटिकहरूले उपचार गरिरहेको जनायो तर उनीहरूलाई खोप लगाइयो या लगाइएन भन्ने जनाएन ।

यो गर्मी याममा चिडियाखानाका जनावरहरूलाई जोटिस नामक अमेरिकी कम्पनीले उत्पादन गरेको एक परिक्षणात्मक खोप दिइएको थियो ।

चिडियाखानाका जनावरहरुमा कोरोना संक्रमण अमेरिकाभरि नै देखिएको थियो । संसारमै पहिलोपटक डेन्भरको चिडियाखानामा अन्य जनावरहरु सहित दुइवटा हुँडारहरुमा कोरोना संक्रमण देखियो । चिडियाघरमा संक्रमणका रिपोर्ट भएका अन्य जनावरहरुमा नेब्रास्कको ओमहामा बाघ; सेन्ट लुइसमा अफ्रिकी सिंह, हिँउ चितुवा, जगुआर र पाटे बाघ; र होनोलुलुमा सिंहहरु रहेका थिए ।

रोग नियन्त्रण र निवारण केन्द्रका अनुसार, जनावरले मानिसमा कोरोना सार्ने सम्भावना न्यून छ, तर मानिसले जनावरलाई सार्न सक्छन् । र संसारभरि नै घरपालुवा जनावर र चिडियाखानाका जनावर हरुमा संक्रमण देखिएको थियो ।

लिंकन चिडियाखाना एक पारिवारीक गन्तव्यको रुपमा परिकल्पना गरिएको हो, जहाँ बालबालिकाहरूले जनावरलाई नजिकबाट नियाल्न सक्छन् । आधिकारिक वेबसाइटका अनुसार, यो चिडियाखानामा ४०० भन्दा बढी जनावरहरु छन्, जसमध्ये ४० भन्दा बढी जनावर लोपोन्मुख छन् ।

– Snow Leopard Trust

# How Bees and Trees Protect **Snow Leopards**

June 8, 2022, These bees were delivered to communities living near snow leopard habitat as part of a new project that will bring additional revenue sources to the local livestock herders. Our goal is to help diversify the source of livelihoods for people to build resilience in the face of climate change. For many communities, this can help reduce economic reliance on livestock and decrease pasture degradation, addressing prominent threats to snow leopards in the Ala-Too Mountains.

Currently, this project has two innovative initiatives co-created with communities – planting fruit orchards and beekeeping. We are excited to share that both are already underway in six participating communities, including Temen-Suu, Shamshy, Koshoi, Komsomol, Kyzyl-Dobo, and Kum-Dobo.

These initiatives are supported in part by The United Nations Environment Programme's Vanishing Treasures project. The project seeks to help us better understand the direct impacts of climate change on snow leopards and their prey species and foster coexistence between humans and wildlife through community-based conservation.

Initial funding supported the delivery of plum, apple, apricot, and black currant seedlings to allow communities to start their orchards and fencing material to ensure the plants' protection.

Fruit trees have already been planted across 10 hectares in the six participating communities. These orchards will provide their first harvest after two to three years, but some less tangible benefits arrived more immediately.

"Community members cooperatively plant the orchards. It was so much work. They had to prepare the plot, remove the rocks, and dig holes and trenches for water," Benazir notes and further adds, "It was a wonderful communal effort that brought together women, men, children, and the elderly. They brought food to share during lunch and brought blankets to relax on while they shared breaks – eating and talking. It is heartwarming to see everyone come together like this for a project that will ultimately benefit snow leopards and their habitat."



Photo : Snow Leopard Trust

One hundred fifty honeybee hives were successfully delivered to their new homes in the mountains of Kyrgyzstan. Relocating the bees was a challenge. As Benazir, our Project Assistant, shares, "The delivery process was so nerve-wracking because we were transporting live creatures over a long distance. Honeybee families are supposed to be delivered at night so they can orient themselves once they are settled.

These communities have committed to conservation. They signed agreements that allocate 50% of generated income from fruit sales and 20% from honey sales toward measures that will benefit both people and wildlife, including anti-poaching patrols, research cameras, and pasture management.

Each participating community has established an Ecological Committee with members who will monitor the programs and help the community decide how to allocate profits from the sale of honey and fruits. These committees comprise representatives from various stakeholders: local government members, local parliamentarians, herders, students and teachers, and Snow Leopard Foundation of Kyrgyzstan (SLFK) officers, our country partner.

All conservation agreements developed and signed by all parties stipulate that Ecological Committee members include 40% representation by women. In the village of Kara-Suu, the community Beekeeping Committee is women-led, and a majority of the participants are women. Both Snow Leopard Trust and United Nations Environment Program (UNEP) are actively striving with our teams on the ground to ensure that women will continue to have decision-making power within their communities.

We look forward to the first batches of honey and fruit that will help people in participating communities diversify their incomes and ultimately make great strides in the protection of snow leopards and other wildlife.

स्नो लेपर्ड ट्रष्ट

# कसरी मौरी र रुखहरुले हिउँ चितुवाहरूलाई बचाउँछन् ?



किर्गीजस्थानका पहाडहरुका नयाँ वासस्थानहरुमा एकसय पचास मौरीका घारहरूलाई सफलतापूर्वक सारियो । 'मौरीहरु स्थानान्तरण गर्नु एक चुनौतिको काम थियो', हाम्रो परियोजना सहायक, बेनाजिर भन्नुहुन्छ, 'घारहरु सार्ने प्रक्रिया धेरै नै अत्याउने थियो किनभने हामीले जीवित प्राणीहरुलाई लामो दूरीमा ओसारिरहेका थियौं' । मौरीका परिवारहरुलाई रातमा ओसार्नु पर्छ ताकि तिनीहरु नयाँ ठाउँमा बसोबास गरेपछि उनीहरु आफैलाई अभिमूख गर्न सकून् । एकदम चुनौति र जोखिमहरु भएका कारण, मौरीका परिवार भएका ट्रक रहेको ठाउँहरुको निरन्तर जाँच गर्दै, हामी दुई रात निदाएनौं ।

**जेष्ठ २५, २०७९,** यी मौरीहरु हिउँ चितुवाको वासस्थान नजिकैको समुदायहरुमा बसोबास गर्ने स्थानीय पशुपालकहरुको आयस्रोत बढाउन सघाउने नयाँ परियोजनाको रुपमा पठाइएको थियो । हाम्रो लक्ष्य भनेको जलवायु परिवर्तनको अवस्थामा मानिसहरुमा उत्थानशीलता विकास गर्न उनीहरुको जीविकाको स्रोतको विविधिकरण गर्न सहयोग गर्नु हो । धेरै समुदायहरुको लागि, यसले पशुधनमा आर्थिक निर्भरता घटाउन र अला-टू पर्वतमा हिउँ चितुवाको प्रमुख खतराहरुलाई सम्बोधन गर्दै चरनमा हुने क्षय घटाउन मद्दत गर्न सक्छ ।

हाल, यस परियोजनामा समुदायहरुसँग मिलेर सिर्जना गरिएका दुई नवीन पहलहरु छन् - फलफूल बगैंचा रोपण र मौरी पालन । यी दुवै टेमेन-सु, शम्शी, कोशोई, कोमसोमोल, किजिल-डोबो, र कुम-डोबो लगायतका छ वटा सहभागी समुदायहरुमा संचलान भैसकेको खबर बाँड्न पाउँदा हामी उत्साहित छौं ।

यी पहलहरुलाई आंशिक रुपमा संयुक्त राष्ट्र संघको वातावरण कार्यक्रमको 'हराइराखेको खजाना परियोजना'ले सहयोग पुऱ्याई -राखेको छ । यस परियोजनाले हामीलाई हिउँ चितुवा र तिनीहरुको आहार प्रजातिहरुमा जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावहरु बुझ्न र समुदायमा आधारित संरक्षणको माध्यमबाट मानव र वन्यजन्तुहरु बीचको सहअस्तित्वलाई अझ राम्रोसँग बुझ्न मद्दत गर्न खोज्छ ।

समुदायहरुलाई तिनीहरुको बगैंचा सुरु गर्न र बिरुवाहरुको सुरक्षाको सुनिश्चिताका लागि बार लगाउने काम थाल्न प्रारम्भिक आर्थिक सहयोगले आरुबखडा, स्याउ, खुर्पानी, र कालो मनुका बिरुवाहरु बाँड्न सहयोग गऱ्यो ।

सहभागी ६ वटा समुदायहरुमा ११९ रोपनीमा फलफूलका रुखहरु पहिले नै रोपिइसकेको छ । यी बगैंचाहरुले २-३ वर्ष पछि आफ्नो पहिलो फसल दिनेछ, तर देखिने खालका केही कम लाभहरु आइसकेका छन् ।

बेनजिर भन्छन्, 'समुदायका सदस्यहरुले मिलेर बारीको पाटा तयार गर्नुपऱ्यो, चट्टानहरु हटाउनुपऱ्यो, र पानी पठाउनका लागि प्वालहरु र खाडलहरु खन्नुपर्यो । यो एक अद्भुत सामूहिक प्रयास थियो जसले महिला, पुरुष, बालबालिका र वृद्धवृद्धाहरुलाई एकसाथ ल्यायो । उनीहरुले खानाको समयमा बाँड्नको लागि खानेकुराहरु ल्याए र विश्रामको समयमा आराम गर्नका लागि कम्बलहरु ल्याए - खाँदै कुरा गर्न । हिउँ चितुवा र उनीहरुको वासस्थानलाई अन्तत फाइदा पुग्ने परियोजनाका लागि सबैजना यसरी जम्मा भएको देख्नु हृदयस्पर्शी छ ।

यी समुदायहरु संरक्षणप्रति प्रतिवद्ध छन् । उनीहरुले फलफूल बिक्रीबाट उत्पन्न आयको ५०% र मह बिक्रीबाट आएको २०% आम्दानी मानिस र वन्यजन्तु दुवैलाई फाइदा पुग्ने उपायहरुका लागि छुट्याउने सम्झौतामा हस्ताक्षर गरे, जसमा चोरी-शिकार विरोधी गस्ती, अनुसन्धानका लागि क्यामरा र चरन व्यवस्थापन समावेश छन् ।

प्रत्येक सहभागी समुदायले एक जैविक समितिको स्थापना गरेको छ जसका सदस्यहरुले यी कार्यक्रमहरुको अनुगमन गर्नेछन् र समुदायलाई मह र फलफूलको बिक्रीबाट कसरी नाफा विनियोजन गर्ने भनेर निर्णय गर्न मद्दत गर्नेछन् । यी समितिहरुमा स्थानीय सरकारका सदस्यहरु, स्थानीय सांसदहरु, गोठालाहरु, विद्यार्थीहरु र शिक्षकहरु, र हाम्रो देशको साझेदार स्नो लेपर्ड फाउन्डेसन अफ किर्गिजिस्तानका अधिकारीहरु, जस्ता विभिन्न सरोकारवालाहरुका प्रतिनिधिहरु समावेश छन् ।

सबै पक्षहरुद्वारा विकसित र हस्ताक्षर गरिएका सबै संरक्षण सम्झौताहरुले जैविक समितिको सदस्यतामा ४०% महिलाहरुको प्रतिनिधित्व सुनिश्चित गरेको छ । कारा-सु गाउँमा, महिलाहरुको नेतृत्व भएको सामुदायिक मौरीपालन समिति छ र त्यहाँ अधिकांश सहभागीहरु महिला छन् । स्नो लेपर्ड ट्रष्ट र संयुक्त राष्ट्र संघ वातावरण कार्यक्रम (यूएनइपी) दुवैले ती समुदायमा महिलाहरुले निर्णय गर्ने शक्ति कायम गरिराख्नेछन् भन्ने कुरालाई सुनिश्चित गर्नका लागि हाम्रो टोलीहरुसँग सक्रिय रुपमा सहकार्य गरिरहेका छन् ।

हामी मह र फलफूलको उत्पादनको पहिलो चरणको पर्खाइमा छौं जसले सहभागी समुदायका मानिसहरुलाई आफ्नो आम्दानी विविधिकरण गर्न र अन्ततः हिउँ चितुवा र अन्य वन्यजन्तुहरुको संरक्षणमा पाइला चाल्न मद्दत गर्नेछ ।




Photo : Ramesh Rai/HCH

# Snow Leopard Day

## Celebrated **in Taplejung**

The International Snow Leopard Day (October 23) has been celebrated with a variety of activities in Nepal's eastern region, Taplejung district. The "Community-Based Snow Leopard Conservation Program" has been implemented in three Rural Municipalities (RMs) in Taplejung, namely Phaktalung, Mikhwakhola, and Sirijunga. The snow leopard based conservation education reference book (1&2) have been used in basic level at six schools; Ghunsa Secondary School (SS), Sarswoti SS, Rabikala SS of Phaktalung RM, Balden SS, Sawa SS of Mikhwakhola RM, and Sarswoti SS of Sirijunga RM. Snow Leopard Day was celebrated at four schools within Phaktalung and Sirijunga RMs by organizing art, essay, poetry, and quiz contests under the Community-Based Snow Leopard Conservation Program.

The program was organized by Himali Conservation Forum (HCF), a leading NGO working on wildlife conservation and sustainable livelihoods in Taplejung. HCF collaborated with related schools to execute the activities. Teka Samuha Nepal and Snow Leopard Conservancy technically and financially helped to accomplish the events.

Concerned Chairpersons of Rural Municipalities, Ward Members, Parents, and School Management Committee Members attended the program where 99 students from four schools took part in the activities.

"Students enthusiastically contributed to conservation literature. The program aided in the spread of conservation knowledge among students and parents," said HCF Director Ramesh Rai. He goes on to say, "A student club must be established within the school. Extracurricular activities should be conducted, and the program would be more effective if snow leopard-printed t-shirts, caps, bags, or stationery were distributed."

# ताप्लेजुङमा मनाइयो हिउँ चितुवा दिवस

पूर्वी नेपालको ताप्लेजुङ जिल्लामा विभिन्न कार्यक्रमहरू आयोजना गरी अन्तर्राष्ट्रिय हिउँ चितुवादिवस (अक्टोबर २३) मनाइएको छ । यहाँका तीन गाउँपालिकाहरू क्रमशः फक्तालुङ, मिक्वाखोला र सिरिजंघामा 'समुदायमा आधारित हिउँ चितुवा संरक्षण कार्यक्रम सञ्चालन भइरहेको छ । यी पालिकाहरूका ६ वटा विद्यालयहरू क्रमशः श्री घुन्सा आधारभूत विद्यालय, श्री सरस्वती मा.वि. र श्री रविकला मा.व (फक्तालुङ गा.पा.), श्री बाल्देन मा.वि. र श्री सावँ मा.वि. (मिक्वाखोलागा.पा.) र श्री सरस्वति मा.वि. (सिरिजंगागा.पा.) को आधारभूत तहमा 'संरक्षण शिक्षाः सन्दर्भ पुस्तक, भाग १ र २' को प्रयोग भइरहेको छ । यी मध्ये फक्तालुङ र सिरिजंगाका ४ वटा विद्यालयहरुमा 'समुदायमा आधारित हिउँ चितुवा संरक्षण कार्यक्रम' अन्तर्गत हिउँ चितुवा दिवसका दिन चित्रकला, निबन्ध, कविता र हाजिरी जवाफ प्रतियोगिता आयोजना गरियो ।

ताप्लेजुङमा वन्यजन्तु संरक्षण र दिगो जीविकोपार्जनमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको संस्था हिमाली संरक्षण मञ्चले सम्बन्धित विद्यालयहरुसँगको सहकार्यमा आयोजना गरेको कार्यक्रमलाई टेका समूह नेपाल र अमेरिकास्थित स्नो लेपर्ड कन्जरभेन्सीले आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराएको हो ।

कार्यक्रममा सम्बन्धित गाउँपालिकाका अध्यक्षहरु, वडा सदस्यहरु, अभिभावकहरु र विद्यालय व्यवस्थापन समितिको उपस्थितिमा सम्पन्न कार्यक्रमहरुमा ४ विद्यालयहरुका ९९ जना विद्यार्थीहरुले भाग लिएका थिए भने सदस्य, विद्यार्थी एवं अभिभावकहरुको उपस्थिति रहेको थियो ।

'कार्यक्रमबाट विद्यार्थीहरु संरक्षण सम्बन्धी लेख रचना लेख्नका लागि उत्साहका साथ सहभागी भएका, हिउँ चितुवा संरक्षण सम्बन्धी विद्यार्थीहरुमा ज्ञानको प्रसार भएको र अभिभावकहरुमाझ पनि संरक्षणको सन्देश पुगेको देखिन्छ', हिमाली संरक्षण मञ्चका निर्देशक रमेश राई भन्छन् । उनी अगाडि सुझाव दिन्छन्, 'विद्यालय स्तरमा विद्यार्थीहरुको समूह गठन गर्ने, विद्यालयमा अतिरिक्त कृयाकलापहरु गर्ने र हिउँ चितुवा दिवसका दिन हिउँ चितुवा अंकित टोपी, टि-शर्ट, ब्याग वा स्टेशनरी वितरण गर्न सके कार्यक्रम प्रभावकारी हुनसक्छ ।'




– Anil Adhikari, Jomsom

Photo : Anil Adhikari/TSN

# Snow Leopard
## Scout's Monitoring Camp in Mustang!

A two-day "Snow leopard Scout's Monitoring Camp" was organized at Khinga village of Bharagung Muktichhetra Rural Municipality, Ward No. 1, Mustang, on October 21-22 on the auspicious occasion of International Snow Leopard Day, October 23. Teka Samuha Nepal conducted the camp with the financial and technical support received from Snow Leopard Conservancy (SLC) collaborating with Nepal's Department of National Parks and Wildlife Conservation (DNPWC), Bharagung Muktichhetra Rural Municipality, Gharapjhong Rural Municipality, National Trust for Nature Conservation (NTNC)-Annapurna Conservation Area Project (ACAP).

Ms. Maya Tamang, Chairperson of District Coordination Committee, Mustang had inaugurated the camp.

Dr. Som Ale, the former regional director of SLC, introduced the Snow Leopard Scout's Camp concept to Nepal in 2012. From 2012 to 2014, he successfully led three three-day camps under the supervision of ACAP. Teka ran the current camp as part of the "Community-Based Snow Leopard Conservation Program," which is currently running in Mustang and Taplejung districts with SLC funding and technical assistance.

